# अध्याय एक : शोध परिचय

## १.१ पृष्ठभूमि

पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो (ढुङ्गेल, २०६८ : ८७) । पाठ्यक्रमको उद्देश्य, बिषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनलाई ध्यानमा राखेर पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यपुस्तकले बदलिँदो विश्व परिवेश, प्रतिस्पर्धाको युगमा प्रतिस्पर्धी जनशक्ति तयार बनाउन सहयोग गर्दछ । शिक्षण सिकाइलाई उपर्युक्त मार्गनिर्देशन गरेको हुन्छ । कुनै पनि तह वा कक्षाका लागि भाषिक, उद्देश्यहरू पूरा गर्न तयार गरिएको सामग्री नै भाषा पाठ्यपुस्तक भनिन्छ । “सिकाइका प्रयोजनका लागि सङ्गठित र सरल तरिकाले विभिन्न ज्ञानका क्षेत्रहरूको प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ । त्यसै गरी पाठ्यपुस्तक अत्यन्त महत्त्वपूर्ण सामग्री पनि हो किनभने यसमा के पढाउने भन्ने कुरा मात्र उल्लेख नगरी त्यसको शिक्षण प्रक्रिया समेत उल्लेख गरिएको हुन्छ । हुन त टेलिभिजन र अन्य नयाँ नयाँ सामग्रीको विकास भइरहेको छ तर पनि पाठ्यपुस्तकको विद्यालय तथा महाविद्यालयहरूमा महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहिरहेको छ ।” - इन्साइक्लोपेडिया अमेरिकाना (१९६६, भोल: ५६३)

पाठ्यप्स्तकका बाह्य र आन्तरिक विशेषताहरू हुन्छन् । ‘भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष भन्ने गरिन्छ । पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो’( ढकाल २०७३ : २५६)। जसमा विषयवस्तु, प्रस्तुति, शब्दभण्डार, भाषा, नमुना अभ्यास, चित्रहरू, निर्देशन, भूमिका र सन्दर्भ सूची आदि जस्ता कुरा पर्छन् । त्यसै गरी बाह्य वा भौतिक पक्षमा आवरण, आकार, छपाइँ, अक्षरको आकार, कागज, बँधाइ, मूल्य, सुलभता, विषयसूची पर्छन् । पाठ्यपुस्तकलाई प्रभावकारी एवं समयसापेक्ष, जीवनपयोगी, व्यावहारिक बनाउनका निम्ति बाह्य र आन्तरिक पक्षको अध्ययन विश्लेषण गर्ने हो भने धेरै सबल पक्ष एवं दुर्बल पक्ष भेट्न सकिन्छ । यद्यपी कुन तहको पाठ्यपुस्तक निर्माण गरिएको हो सो तह कक्षाका लागि आन्तरिक र बाह्य रूपमा रुचिपूर्ण मनोरञ्जनात्मक, व्यावहारिक, सुलबता पनि हुनु पर्दछ । पाठ्यपुस्तकलाई स्तरीयता, व्यावहारिकता, समयसापेक्ष बनाउने मुख्य कडी भनेको आन्तरिक र बाह्य विशेषता हो । यो कारणले गर्दा भाषा पाठ्यपुस्तकको सुक्ष्म

रूपले अध्ययन गर्नका निम्ति कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तक (२०४९) को आन्तरिक र बाह्य विशेषताको आधार शोध प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको ने.पा.शि. ५९८ पाठ्यांशको आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको छ ।

## १.२ समस्या-कथन

यसशोधपत्र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा वि.सं. २०४९ तथा संस्करण २०७५ मा प्रकाशित कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताको आधारमा केन्द्रित रहने छ । भाषा पाठ्यपुस्तकमा छनोट गरिएका विषयवस्तु, स्तरीयता, व्यवहारिकताले विद्यार्थीको ज्ञान, सिप, क्षमता विकास गराउन सक्षम भए नभएको निर्क्यौल आन्तरिक र बाह्य विशेषताको आधारद्वारा अध्ययन गरिन्छ । भाषा पाठ्यक्रमले तोकिएको उद्देश्य, विषयवस्तु क्षेत्र प्रकृति अनुसार, आवश्यकताअनुसार बाह्य र आन्तरिक आधारमा कसरी गरिएको छ । विद्यार्थीको रुचि, आवश्यकता, तह, स्तर अनुसार छ वा छैन ? भाषिक सिपको मूल्याङ्कन गर्न सकिने विषयवस्तु छ छैन ? भन्ने कुराको सूक्ष्म रूपले अध्ययन, विश्लेषण गर्ने ध्येयले यस शोधप्रस्ताव तयार गरिएको छ । अतः प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहने छ :

क) कक्षा ४ को  मेरो नेपाली पाठ्यपुस्तक (२०४९) को बाह्य विशेषताका आधारमा कस्तो छ ?

ख) उक्त पाठ्यपुस्तक आन्तरिक विशेषताका आधारमा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य निम्नअनुसार रहेको छ :

क) कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तक (२०४९) को बाह्य विशेषताका आधारमा अध्ययन गर्नु,

ख) उक्त पाठ्यपुस्तकका आन्तरिक विशेषताका आधारमा अध्ययन गर्नु,

## १.४ अध्ययनको औचित्य तथा महत्त्व

देशको शिक्षा नीति राष्ट्रिय आवश्यकता र समसामयिक परिवेशलाई ध्यानमा राखेर निर्माण गरिएको हुन्छ । विद्यालयमा तहगत र विषयगत रूपमा पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्यक्रम एउटा विस्तृत योजना हो । यसै योजना अन्तर्गत बालबालिकाको रुचि आवश्यकता र व्यावहारिकता र सम्पूर्ण पक्षको विकास पर्छन् । यसै योजनालाई परिपूर्ति गर्ने काम पाठ्यपुस्तकले गर्छ । बालबालिकाको सर्वाङगीण विकासलाई मध्यनजर राखी पाठ्यक्रमको निर्माण गरिएको हुन्छ । प्राथमिक तहका बालबालिकाहरू भोलिका राष्ट्रनिर्माताका कर्णधार हुन् । उनीहरूलाई उपयुक्त बाटो देखाउने कार्यको सुरुवात प्राथमिक तहदेखि निर्धारण हुने गर्छ । बालबालिकाहरूको उमेर, रुचि, स्तर, आवश्यकतालाई आधार मानेर पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

नेपाली विषयको शिक्षण भनेको भाषिक सिप शिक्षण हो । त्यसै गरी त्यस तहको पाठ्यक्रमले निर्देश गरेका उद्देश्यहरू प्राप्त गर्न सक्षम बनाउनु हो, पाठ्यक्रमले के कस्ता भाषिक सिप प्राप्त गर्ने लक्ष्य राखेको छ ? ती सिप प्राप्त गर्न पाठ्यपुस्तकमा के कस्ता विषयवस्तु, कार्यकलाप र अभ्यासहरू राखिएका छन् ? बालबालिकाका क्षमता, स्तर, रुचि र आवश्यकता जस्ता विषयवस्तु पाठ्यपुस्तकमा समावेश गरिएका छन् ? उक्त पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्माणका सिद्धान्तलाई कति सम्म अपनाइएको छ ? असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरू समावेश छ वा छैन ? यी विविध पक्षको अध्ययन विश्लेषण गरी भएका कमिकमजोरी पत्ता लगाउने र सुधारका उपाय, सुझाव दिने उद्देश्य उक्त शोधपत्रको रहने छ ।

यस अध्ययनबाट शिक्षकले कसरी शिक्षण गर्दा प्रभावकारी एवम् व्यावहारिक हुन्छ । निर्धारित उद्देश्य हासिल गर्न उपयुक्त तरिका अवलम्बन गर्ने, भाषिक सिप विकास गराउन सहजता हुन्छ भन्ने जस्ता कुरालाई सहयोग पुऱ्याउने छ । त्यसै गरी विद्यार्थीलाई व्यवहारिक समस्याको समाधान गर्न सहयोग पुऱ्याउनका साथै भाषिक सिप विकासका निम्ति पनि सहयोग पुऱ्याउनेछ । सुलभता एवम् टिकाउका दृष्टिकोणले कसरी सुलभ र टिकाउ बनाउन सकिन्छ भन्ने विषयमा आवश्यक मार्ग निर्देश गराइनेछ । यसका साथै समसामयिक समस्या समाधान गर्न, सान्दर्भिक विषय वस्तु अभ्यासमा समावेस गर्न, आवश्यक ठाउँमा सही

चित्रको प्रयोग गर्न, सफा र स्पष्ट छपाई गर्न पनि सहयोग गर्नेछ । त्यसै गरी स्तरीय कागजमा तयार गर्नका निमित्त उपयुक्त सल्लाह दिइने छ । राम्रो र बुझ्ने अक्षरमा छ छैन अध्ययन गरी छैन भने सोहीअनुसार तयार गर्न सुझाब दिइने छ । मूल्यको सुलभताको अध्ययन गरी पँहुच योग्य बनाउनका निम्ति सुझाव पेश गरिने छ । पाठ्यपुस्तकलाई टिकाउ बनाउनु पर्छ भनेर सल्लाह दिइएको छ । दैनिक व्यावहारमा आएका समस्या समाधान गर्ने प्रकारका विषयवस्तु तयार गर्न सुझाव एवम् सल्लाह दिइनेछ ।

यस अध्ययनले राष्ट्रिय उद्देश्य पूरा गर्नका लागि बनाइएको नीति निर्माणमा उपयुक्त सुझाब दिनेछ । सरोकारवालालाई कसरी जवाफदेही, उत्तरदायी बनाउने भन्ने विषयको मार्गदर्शन गरिने छ । कस्तो कस्तो विषय समावेश गर्ने र कस्ता किसिमको सामग्री प्रयोग गर्दा  शिक्षण प्रभावकारी बन्न सक्ने सुझाब दिनेछ । कसरी शिक्षण गर्ने भन्ने विषय पनि निर्देशित हुनेछ । त्यसै गरी पाठ्यपुस्तक लेखकलाई कस्तो विषयवस्तु तयार गर्दा प्रभावकारी बन्न सक्छ ? कस्तो सामग्री प्रयोग गर्दा उपयुक्त हुन्छ भन्ने कुराको स्पष्टसुझाव पेश गर्नेछ । यसरी यस अध्ययनले विविध पक्षलाई सहयोग तथा उक्त पाठ्यपुस्तकको सुधारका लागि थप मार्गनिर्देशन हुने हुँदा यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

## १.५ पूर्वकार्यको समीक्षा

आधारभूत शिक्षालाई सर्वसुलभ गराई विद्यालय जाने उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई शिक्षाप्रति अभिरुचि जगाउन आकर्षक, उपयोगी, उपलब्धिपूर्ण पाठ्यसामग्री र शिक्षण सिकाइको व्यवस्था आवश्यक हुन्छ । शिक्षा आर्जनको मूल स्रोतका रूपमा पाठ्यपुस्तक रहेको पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताको विश्लेषण हुन आवश्यक छ । समयको बद्लिँदो परिवर्तन, समाजको आवश्यकता, विद्यार्थीको स्तर एवम् रुचिनुरूप पाठ्यक्रमको निर्माण हुनु पर्छ । तहगत एवं कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकको समय समयमा अध्ययन विश्लेषण हुनु आवश्यक छ । यसैअनुसार यस अध्ययन भन्दा पहिले यससँग सम्बन्धित कस्तो अध्ययन अनुसन्धान भएका छन् । यहाँ संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

भाषा पाठ्यपुस्तकको अध्ययन गर्ने क्रममा वि.सं. २०४४ मा डा. के.जी. स्तोगीले कक्षा १-५ सम्मका भाषा पाठ्यपुस्तकको अध्ययन गरेका थिए । यो नै भाषा पाठ्यपुस्तकको

पहिलो अध्ययन थियो । यस अध्ययनमा भाषा वैज्ञानिक शिक्षण विधि सामाजिक अध्ययन शिक्षण विधि, मनोवैज्ञानिक शिक्षण विधि तथा भौतिक आधारमा उक्त पाठ्यपुस्तकको मूल्याङ्कन गरिएको थियो । त्यसैगरि भाषा, शैली, अभ्यास उदाहरण भूमिका आदिबाट बारेमा अध्ययन गरिएको थियो ।

शिवाकोटी, (२०६२) द्वारा त्रि.वि. शिक्षा शास्त्र सङ्काय केन्द्रीय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त कक्षा ४ को नेपाली किताबको विश्लेषणात्मक अध्ययन शीर्षकको शोध कार्य गरिएको छ । उक्त शोधकार्यको समस्याहरू

क) प्राथमिक तहको भाषा पाठ्यक्रम अनुरूप मेरो नेपाली किताब छ छैन ?

ख) पाठ्यक्रममा के कस्ता उद्देश्यहरू "मेरा नेपाली किताब" बाट परिपूर्ति हुन सक्छन्?

ग) असल पाठ्यपुस्तकमा हुनु पर्ने के कस्ता विशेषताहरू "मेरो नेपाली" किताबमा समष्टि छन् ?

घ) प्रस्तुत पाठ्यपुस्तकमा के कस्ता कमिकमजोरी रहेका छन् ?

उक्त शोध कार्यमा उल्लेखित समस्याका निराकरण गर्न के कस्ता पक्षमा सुधार गर्नु आवश्यक छ ? सुधारका लागि शोधकर्ताले यसका उद्देश्यहरू निम्नानुसार राखेका छन् :

क) पाठ्यक्रम अनुरूपताका आधारमा "मेरो नेपाली किताब" को विश्लेषण गर्न ,

ख) भाषा पाठ्यपुस्तकका बाह्य आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तक विश्लेषण गर्नु,

ग) उक्त पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पहिल्याउनु,

घ) उक्त पाठ्यपुस्तकको आधारका लागि सुझाव प्रस्तुत गर्नु, छन् ।

उक्त अध्ययनका लागि मुख्य रूपमा पुस्तकालयीय विधिका साथै क्षेत्रीय सामग्री सङ्कलन विधि पनि उपयोग गरिएको छ । त्यस क्रममा काठमाडौँ उपत्यकाका ६ वटा विद्यालयका ६ जना सम्बन्धित कक्षामा अध्यापन गर्ने शिक्षकहरूसँग अन्तर्वार्ता लिइ

पाठ्यपुस्तकका बारेमा प्रतिक्रिया लिइएको छ र त्यसको पूर्ण पाठ परिशिष्टमा लिइएको छ । पाठ्यपुस्तक विश्लेषणका निम्ति शिक्षाविधि पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञ तथा अध्ययेताहरू निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताहरूको अध्ययन गरी तिनै अध्ययनलाई मानकमानी सम्बन्धित पाठ्यपुस्तकको अध्ययनबाट तथ्यहरूको सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्यहरूलाई वर्गीकरण तालिकीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

उक्त शोधमा शोधकर्ताले निष्कर्ष यसरी प्रस्तुत गरेका छन् :

क) प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रम अनुकुल बनाउने प्रयास गरिएको छ । यसमा घर परिवार, समुदाय, उत्सव, चाडपर्व, खेलकुद, गाउँखाने कथा जस्ता विषय क्षेत्रलाई चित्त बुझ्दो रूपमा प्रस्तुत गरिएको छैन ।

ख) प्राथमिक तहको पाठ्यक्रमले कक्षा ४ मा भाषिक सिप सुनाइ अन्तर्गत परिचित वातावरणमा अरुले बोलेको कुराहरू सुनेर व्यक्त गर्न सक्ने उद्देश्य अनुरूप पाठ्यपुस्तकमा यससँग सम्बन्धित अभ्यास राखिएको पाइँदैन ।

ग) पाठ्यपुस्तकमा राखिएका विद्याहरू पाठ्यक्रमले तोकेको विद्यागत विषय सङ्ख्या भन्दा एउटा कम रहेको पाइन्छ ।

घ) पाठपछि राखिएका नमुना अभ्यासहरूको समानुपातिक वितरण नभई कतै कतै धेरै कतै कम रहेको पाइयो ।

ङ) पाठ्यक्रमले बोलाइ सिप अन्तर्गत गति यति र लय मिलाइ वाचन गर्न सक्ने उद्देश्य राखेको छ ।

खनाल, (२०६९) द्वारा त्रि.वि.का सुकुना बहुमुखी क्याम्पस, सुकुना अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त कक्षा ५ को मेरो नेपाली किताबको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य गरिएको छ । उक्त शोध कार्यमा शोधकर्ताले निम्न समस्याहरू देखाएका छन् :

क) पाठ्यक्रम अनुसार तयार भए नभएको ?

ख)  पाठ्यपुस्तक बाह्य र आन्तरिक कस्तो छ ?

यसका उद्देश्यमा पाठ्यक्रम अनुसार तयार भए नभएको अध्ययन गर्न, पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारको अध्ययन गर्न, उक्त अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । त्यसै गरी उक्त शोधमा शोधकर्ताले निष्कर्ष यसरी प्रस्तुत गरेका छन् :

क)  केही विषयवस्तु विद्यार्थीको स्तर र रुचि अनुरूप भएको पाइयो ।

ख)  पाठ्यपुस्तकमा सिपगत अभ्यासहरू समान रूपमा प्रस्तुत भएको पाइँदैन ।

ग)  भाषा तत्त्व अन्तर्गत पाठहरूपछि राखिएका अभ्यास सामान्य नियम उदाहरण पाठ्यक्रम अन्रूप नै राखिएका छन् । यस्ता अभ्यासहरूको सङ्ख्या केहि थप गरेमा पाठ्यपुस्तक उपयोगी बन्न सक्छ ।

घ)  पाठ्यपुस्तकको छपाइसम्बन्धी केही त्रुटि भए पनि मसीको प्रयोग उपयुक्त भएको पाइन्छ ।

## १.६ अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमा पाठ्यपुस्तकको विश्लेषणको निम्ति वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । यो अध्ययनबाट पाठ्यपुस्तकको गुण पत्ता लगाइने हुनाले गुणात्मक प्रकृतिको रहेको छ ।

### १.६.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनको जनसङ्ख्याका रूपमा नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, (२०७५) द्वारा प्रकाशित गरेको विद्यालयीय स्तरको विविध विषयको पाठ्यपुस्तक मध्ये कक्षा ४ को वर्तमान मेरो नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

### १.६.२ नमुना छनोट

प्रस्तुत अध्ययनको नमुना छनोटका रूपमानेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, (२०४९ साथै संशोधन २०७५) द्वारा प्रकाशित गरेको विद्यालयीय स्तरको विविध विषयको पाठ्यपुस्तक मध्ये कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

### १.६.३ तथ्याङ्क व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनको निमित्त मुख्य रूपमा पुस्तकालयीय विधिका साथै क्षेत्रीय सामग्री सङ्कलन विधिको पनि आंशिक रूपमा उपयोग गरिने छ । भाषा पाठ्यपुस्तकको विश्लेषण र गुण पत्ता लगाइने भएकाले गुणात्मक विधिलाई अपनाइएको छ । यस क्रममा पाठ्यपुस्तकको आन्तरिक र बाह्य रूपमा कस्तो छ ? यसको विषेशताका आधारमा पाठ्यपुस्तक छ वा छैन ? वर्तमान परिपेक्षमा कतिको सान्दर्भिक छ ? भनी विश्लेषण तथा अध्ययन गरिएको छ ।

### १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र निम्न विषय र दायराभित्र रहेर अध्ययन अनुसन्धानलाई अगाडि बढाइने छ ।

क) प्रस्तुत अध्ययन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा (२०७५) मा प्रकाशित कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तक (२०४९) को आन्तरिक र बाह्य विशेषताका आधारमा सीमित रहेको छ ।

ख) उक्त पाठ्यपुस्तकको अध्ययन विश्लेषण शैक्षिक पक्ष वा आन्तरिक पक्ष र विषयवस्तु विधि तथा प्रस्तुति भाषा, नम''ना अभ्यास चित्र, भूमिका तथा निर्देशन र भौतिक पक्षहरू (आवरण, आकार, छपाइ, अक्षरको आकार, कागजको स्तर, बँधाइ, मूल्य) का आधारमा अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्न अनुसार रहेको छ :

अध्याय १ : शोध परिचय

अध्याय २ : पूर्वकार्यको समीक्षा

अध्याय ३ : अध्ययनको विधि प्रक्रिया

अध्याय ४ : व्याख्या विश्लेषण

अध्याय ५ : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई : पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

आधारभूत शिक्षालाई सर्वसुलभ गराई विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकाहरूलाई शिक्षाप्रति अभिरुचि जगाउन आकर्षक, उपयोगी, उपलब्धिपूर्ण पाठ्यसामग्री र शिक्षण सिकाइको व्यवस्था आवश्यक हुन्छ । शिक्षा आर्जनको मूल स्रोतका रूपमा पाठ्यपुस्तक रहेको पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताको विश्लेषण हुन आवश्यक छ (शिवकोटी २०६२: ३४) । समयको बद्लिँदो परिवर्तन, समाजको आवश्यकता, विद्यार्थीको स्तर एवं रुचिनुरूप पाठ्यक्रमको निर्माण हुनु पर्छ । तहगत एवम् कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकको समय समयमा अध्ययन विश्लेषण हुनु आवश्यक छ । यसै अनुसार यस अध्ययन भन्दा पहिले यससँग सम्बन्धित कस्तो अध्ययन अनुसन्धान भएका छन् । यहाँ संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

भाषा पाठ्यपुस्तकको अध्ययन गर्ने क्रममा वि.सं. २०४४ मा डा. के.जी. स्तोगीले कक्षा १-५ सम्मका भाषा पाठ्यपुस्तकको अध्ययन गरेका थिए । यो नै भाषा पाठ्यपुस्तकको पहिलो अध्ययन थियो । यस अध्ययनमा भाषा वैज्ञानिक शिक्षण विधि सामाजिक अध्ययन शिक्षण विधि, मनोवैज्ञानिक शिक्षण विधि तथा भौतिक आधारमा उक्त पाठ्यपुस्तकको मूल्याङ्कन गरिएको थियो । भाषा, शैली, अभ्यास उदाहरण भूमिका आदिबाट बारेमा अध्ययन गरिएको थियो ।

शिवाकोटी, (२०६२) द्वारा त्रि.वि. शिक्षा शास्त्र सङ्काय केन्द्रीय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त कक्षा ४ को नेपाली किताबको विश्लेषणात्मक अध्ययन शीर्षकको शोध कार्य गरिएको छ । उक्त शोधकार्यको समस्याहरू

क) प्राथमिक तहको भाषा पाठ्यक्रम अनुरूप मेरो नेपाली किताब छ छैन ?

ख) पाठ्यक्रममा के कस्ता उद्देश्यहरू “मेरा नेपाली किताब” बाट परिपूर्ति हुन सक्छन्?

ग) असल पाठ्यपुस्तकमा हुनु पर्ने के कस्ता विशेषताहरू “मेरो नेपाली” किताबमा समष्टि छन् ?

घ) प्रस्तुत पाठ्यपुस्तकमा के कस्ता कमिकमजोरी रहेका छन् ?

उक्त शोध कार्यमा उल्लेखित समस्याका निराकरण गर्न के कस्ता पक्षमा सुधार गर्नु आवश्यक छ ? सुधारका लागि शोधकर्ताले यसका उद्देश्यहरू निम्नानुसार राखेका छन् :

क) पाठ्यक्रम अनुरूपताका आधारमा "मेरो नेपाली किताब" को विश्लेषण गर्न ,

ख) भाषा पाठ्यपुस्तकका बाह्य आन्तरिक विशेषताका आधारमा उक्त पाठ्यपुस्तक विश्लेषण गर्नु ,

ग) उक्त पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पहिल्याउनु,

घ) उक्त पाठ्यपुस्तकको आधारका लागि सुझाव प्रस्तुत गर्नु, छन् ।

उक्त अध्ययनका लागि मुख्य रूपमा पुस्तकालयीय विधिका साथै क्षेत्रीय सामग्री सङ्कलन विधि पनि उपयोग गरिएको छ । त्यस क्रममा काठमाडौं उपत्यकाका ६ वटा विद्यालयका ६ जना सम्बन्धित कक्षामा अध्यापन गर्ने शिक्षकहरूसँग अन्तर्वार्ता लिइ पाठ्यपुस्तकका बारेमा प्रतिक्रिया लिइएको छ र त्यसको पूर्ण पाठ परिशिष्टमा लिइएको छ । पाठ्यपुस्तक विश्लेषणका निम्ति शिक्षण विधि पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञ तथा अध्ययेताहरू निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताहरूको अध्ययन गरी तिनै अध्ययनलाई मानकमानि सम्बन्धित पाठ्यपुस्तकको अध्ययनबाट तथ्यहरूको सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्यहरूलाई वर्गीकरण तालिकीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

उक्त शोधपत्रमा शोधकर्ताले निष्कर्ष यसरी प्रस्तुत गरेका छन् :

क) प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रम अनुकुल बनाउने प्रयास गरिएको छ । यसमा घर परिवार, समुदाय, उत्सव, चाडपर्व, खेलकुद, गाउँखाने कथा जस्ता विषय क्षेत्रलाई चित्त बुझ्दो रूपमा प्रस्तुत गरिएको छैन ।

ख)  प्राथमिक तहको पाठ्यक्रमले कक्षा ४ मा भाषिक सिप सुनाइ अन्तर्गत परिचित वातावरणमा अरुले बोलेको कुराहरू सुनेर व्यक्त गर्न सक्ने उद्देश्य अनुरूप पाठ्यपुस्तकमा यससँग सम्बन्धित अभ्यास राखिएको पाइँदैन ।

ग)  पाठ्यपुस्तकमा राखिएका विधाहरू पाठ्यक्रमले तोकेको विधागत विषय सङ्ख्या भन्दा एउटा कम रहेको पाइन्छ ।

घ)  पाठपछि राखिएका नमुना अभ्यासहरूको समानुपातिक वितरण नभई कतै कतै धेरै कतै कम रहेको पाइयो ।

ङ)  पाठ्यक्रमले बोलाइ सिप अन्तर्गत गति यति र लय मिलाइ वाचन गर्न सक्ने उद्देश्य राखेको छ ।

खनाल, (२०६९) द्वारा त्रि.वि.का सुकुना बहुमुखी क्याम्पस, सुकुना अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त कक्षा ५ को मेरो नेपाली किताबको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य गरिएको छ । उक्त शोध कार्यमा शोधकर्ताले निम्न समस्याहरू देखाएका छन् :

क)  पाठ्यक्रम अनुसार तयार भए नभएको ?

ख)  पाठ्यपुस्तक बाह्य र आन्तरिक कस्तो छ ?

यसका उद्देश्यमा पाठ्यक्रम अनुसार तयार भए नभएको अध्ययन गर्न, पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारको अध्ययन गर्न, उक्त अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । त्यसै गरी उक्त शोधमा शोधकर्ताले निष्कर्ष यसरी प्रस्तुत गरेका छन् :

क)  केही विषयवस्तु विद्यार्थीको स्तर र रुचि अनुरूप भएको पाइयो ।

ख)  पाठ्यपुस्तकमा सिपगत अभ्यासहरू समान रूपमा प्रस्तुत भएको पाइदैन ।

ग)  भाषा तत्व अन्तर्गत पाठहरूपछि राखिएका अभ्यास सामान्य नियम उदाहरण पाठ्यक्रम अन्रूप नै राखिएका छन् । यस्ता अभ्यासहरूको सङ्ख्या केहि थप गरेमा पाठ्यपुस्तक उपयोगी बन्न सक्छ ।

घ)  पाठ्यपुस्तकको छपाइसम्बन्धी केही त्रुटि भए तापनि मसीको प्रयोग उपयुक्त भएको पाइन्छ ।

केदारप्रसाद शर्माको 'अ क्रिटिकल इभ्यालसएसन अफ प्राइमेरी लेभल गभर्नमेन्ट टेस्ट्बुक अफ द नेपाली ल्याङ्ग्वोइज" शीर्षकको विद्यावारिधि शोधग्रन्थमा कक्षा १ देखि ५ सम्मका नेपाली भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा मूल्याङ्कन गरेका छन् ।

यस अध्ययनमा कक्षा १ देखि ५ सम्मका नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रमअनुसार नभएको, विधा छनोट, विद्यार्थीको रुचि, उमेर र क्षमताअनुसार नगरिएको, पाठ्यपुस्तकमा विभिन्न पाठहरूको प्रस्तुति, विरुस्तार र भाषाशैली, शब्दभण्डार, वाक्य गठनको प्रकृति, वाक्यहरूको लम्बाइका दृष्टिले कक्षा १ को पाठ्यपुस्तक बाहेक अन्य पाठ्यपुस्तक असन्तुलित रहेको ठहर गरिएको छ । त्यसै गरी पाठ्यपुस्तकमा पर्याप्त अभ्यास पनि सन्दर्भ बिहिन भएको, पठनबोध, शब्दार्थ, उच्चारण, स्वतन्त्र लेखन आदि अभ्यासमा विविधताको कमि देखिएको छ

यसै गरी उक्त शीर्षक सम्बन्धी अध्ययन गर्ने क्रममा **शान्ति पौडेलद्वारा** कक्षा ५ को साझा नेपाली पाठ्यपुस्तकको विश्लेशणात्मक अध्ययनमा प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रमले तोकेको सबै विधाका क्षेत्रलाई कक्षा ५ को उक्त, पाठ्यपुस्कतले समेट्न नसकेको, जीवनीअन्तर्गत राष्ट्रिय जीवनीमात्र पाठ्क्रमले तोके पनि पाठ्यपुस्तकमा अन्तराष्ट्रिय जीवनीलाई पनि समावेश गरिएको, विषयवस्तु जानकारीमूलक धर्मप्रति आस्था जगाउने, देश भक्तिलाई बढावा दिने, रुचिपूर्ण, सरल शब्दभण्डार विद्यार्थीको स्तरअनुकूल पाइएको निष्कर्ष निकालेकी छन । यसै सम्बन्धी खोज तथा अनुसन्धान गर्ने क्रममा पुष्पा कोइरालाले कक्षा ६ को हाम्रो नेपाली किताबको बिश्लेशणात्मक अध्ययन शीर्षकको शोधपत्रमा कक्षा ६ को नेपाली किताब पाठ्यक्रमअनुरूप भए नभएको, बाह्य र आन्तरिक विशेषताका आधारमा विश्लेषण गरिएको छ । पाठ्यपुस्तकमा समावेश भएका पाठ्य सामग्री

पाठ्क्रमको उद्देश्यअनुरूप भएको र सङख्यात्मक रूपमा विधागत पाठहरू थप गर्नु पर्ने, केही शब्दहरू विद्यार्थीको स्तर अनुसार नभएको र कुनै कुनै पाठहरू विद्यार्थीलाई बुझ्न कठिन हुने निष्कर्ष निकालेका छन् (शान्ति पौडेल)।

यसरी हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी शोधकार्य भएको पाइन्छ । विभिन्न तहका पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास, शब्दभण्डार, स्तरअनुसार अनुकूलता, तुलनात्मक अध्ययन र समग्र पाठ्यपुस्तकको विश्लेषण भएका छन् । तर कक्षा ४ को हाम्रो नेपाली भाषा पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन नभएकाले अध्येताले प्रस्तुत विषय रोज्नु उपयुक्त देखिन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

प्रस्तुत शोधपत्र तयार बनाउन भन्दा अगाडि यस शीर्षकसँग सम्बन्धी केदारप्रसाद शर्माको "अ क्रिटिकल इभ्यालसएसन अफ प्राइमेरी लेभल गभर्नमेन्ट टेस्टट्बुक अफ द नेपाली ल्याङ्ग्वेइज" शीर्षकको विद्यावारिधि शोधग्रन्थमा कक्षा १ देखि ५ सम्मका नेपाली भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा मूल्याङ्कन गरेका छन् ।

यस अध्ययनमा कक्षा १ देखि ५ सम्मका नेपाली भाषापाठ्यपुस्तक पाठ्यक्रमअनुसार नभएको, विधा छनोट, विद्यार्थीको रुचि, उमेर र क्षमताअनुसार नगरिएको, पाठ्यपुस्तकमा विभिन्न पाठहरूको प्रस्तुति, विरुस्तार र भाषाशैली, शब्दभण्डार, वाक्यगठनको प्रकृति, वाक्यहरूको लम्बाइका दृष्टिले कक्षा १ को पाठ्यपुस्तक बाहेक अन्य पाठ्यपुस्तक असन्तुलित रहेको ठहर गरिएको छ । त्यसै गरी पाठ्यपुस्तकमा पर्याप्त अभ्यास पनि सन्दर्भबिहिन भएको, पठनबोध, शब्दार्थ, उच्चारण, स्वतन्त्रलेखन आदि अभ्यासमा विविधताको कमि देखिएको छ । प्रस्तुत शोधपत्र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,पाठ्यपुस्तक विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा (२०७५) मा प्रकाशित कक्षा ४ को मेरो नेपाली किताबको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन गरी तयार बनाइएको छ । यो पूर्व कार्यको उपयोगितााले विविध पक्षलाई सहयोग तथा समस्याको समाधान गर्न सहयोग गरेको हुन्छ । जस्तै यस पूर्वकार्यले विद्यार्थीको समास्या समाधान गर्न सहयोग गरेको हुन्छ ।

यस विषयसँग सम्बन्धित कस्तो कस्तो विषयमा अध्ययन अनुसन्धान भएको रहेछ भनी जानकारी पाउन सकिन्छ । पाठ्यपुस्तक निर्माणकर्तालाई कस्तो प्रकारको पाठ्यक्रमअनुसार पाठ्यपुस्तक बनाउन सहयोग गरेको हुन्छ । त्यस्तै समाकालिन समाजमा कस्तो प्रकारको विषयवस्तु समावेश गर्दा सान्दर्भिक हुन्छ त्यस बारेमा सजक गराउँछ । यस शोधपत्रमा पूर्वकार्यको उपयोगिता निम्नअनुसार रहेको छ :

क) प्रस्तुत शोधपत्र सम्बन्धी कसकसले कस्ता कस्ता पक्षका बारेमा अध्ययन गरेको रहेछ भन्ने थाहा पाउन सकिन्छ ।

ख) यसमा सम्बन्धित विद्यार्थीलाई पाठ्यपुस्तकले व्यावहरिक, प्रभावकारी बनाउने कुरा जानकार गराउछ ।

ग) पूर्वकार्यले शिक्षकलाई कसरी कुन कुन विषय वस्तुको शिक्षण गर्ने कुरा मार्गदर्शन गरेको छ ।

घ) वर्तमान समयमा कस्ता कस्ता विषयले प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सकिन्छ भन्ने मार्गदर्शन गरेको छ ।

च) पाठ्यपुस्तक निर्माता, नीति निर्माण एवम् कार्यान्वयन पक्षलाई उपयुक्त सल्लाह पेश गरेको छ ।

छ) यस शोधपत्रको पूर्वकार्यको समीक्षाले पाठ्यपुस्तकको बाह्य र आन्तरिकको अध्ययन गर्नेलाई सहजता प्रदान गर्छ ।

ज) यसले पाठ्यपुस्तकको आन्तरिक रूपमा कस्तो छ ? कसरी सुधार गर्ने भन्ने विषयलाई सुझाव दिनेछ ।

झ) पाठ्यपुस्तकलाई स्तर, रुचि, उपयोगिताका आधारमा निर्माण गर्न सहयोग पुग्छ ।

ञ) सम्बन्धित विषयको थप खोज अध्ययन, अनुसन्धान गर्ने व्यक्तिलाई प्रतक्ष वा अप्रतक्ष रूपामा सहयोग पुग्नेछ ।

ट) यसबाट पाठ्यपुस्तक सुधार र समसामयिक विषयवस्तुको समावेश गर्नका लागि मार्गदर्शन तथा सल्लाह सुझाव दिइएको छ ।

ठ) यस विषयसँग सम्बन्धित कस्ता कस्ता विषयबारे अध्ययन भइ के के कुराको प्रयोगमा आएका छन, कस्तो प्रभाव पर्‍यो भनी जानकारी पाउन सकिन्छ ।

ण) यस विषयसँग कस्तो विषयमाथि अध्ययन तथा अनुसन्धान भएको छ र अब कस्तो विषयमा अध्ययन गरिदा विद्यार्थी, शिक्षक र समकालिन समाजका निम्ति उपयोगी हुन्छ भन्ने बारेमा जानकारी हुन्छ ।

त) विद्यार्थी, समकालिन समाज तथा पाठ्यपुस्तक निर्माणकर्तालाई उपयुक्त मार्गदर्शन वा सल्लाह दिने प्रयास गरिएको छ ।

यसरी उक्त शोधपत्रको पूर्वकार्यको उपयोगिताले यस शोधपत्रसँग सम्बन्धी पाठ्यपुस्तकको कुनकुन पक्षमा कस्ता कस्ता विषयका बारेमा अध्ययन भएका छन् भन्ने कुरा थाहा पाइन्छ । जसकारणले गर्दा यस विषयसँग खोज तथा अनुसन्धान गर्ने कार्यमा सहयोग तथा मार्गदर्शन गर्ने छ । यससँग कस्ता कस्ता विषयको अध्ययन, विश्लेषण, अनुसन्धान गरिएको रहेछ भनि जानकारी पाउन सकिन्छ । त्यसै गरी अब यस विषयसँग सम्बन्धित अध्ययन गर्नका निमित्त कसरी कस्ता कस्ता कार्य गर्दा उपयुक्त हुन्छ भन्ने विषयमा पनि उपयोगी हन्छ । वदलिदाँ विश्व परिवेशमा प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि विविध प्रकारका सल्लाह सुझाव मात्र नभएर कसरी चाहिँ परिर्वतन गर्न सकिन्छ भन्ने कुराको जानकारी भएमा मात्र परिवर्तन सम्भव हुन्छ त्यसकारण यसले पनि समाधान सहितको उपाया निकाल्ने भएको कारणले उक्त पूर्वकार्य निकै उपयोगी रहेको छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

'भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक सिकाइ उपलब्धीहरू परिपूर्ति छनोट गरी विषय विज्ञद्वारा सङ्कन, सम्पादन वा लेखन गरिएका पाठ्यपुस्तकहरू छनोट र स्तरण गरी प्रस्तावित र अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो' (ढकाल २०७३: २२५) । 'विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पाढाउने पुस्तक नै पाठ्यपुस्तक हो' (२०५२ : बृहत् नेपाली शब्दकोश) ।

प्रस्तुत शोधपत्रको मूख्य कार्य यस्तो मूख्य सामग्री कस्तो हुनु पर्दछ भनी अध्ययन गर्नु नै यसको सौद्धान्तिक संरचना रहेको छ ।

प्रस्तुत शोधपत्रले नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्र, सानोठिमी भक्तपुर (२०४९ संस्करण २०७५) द्वारा प्रकाशित कक्षा ४ को 'मेरो नेपाली' को बाह्य र आन्तरिक आधारमा अध्ययन गर्नु सैद्धान्तिक अवधारणा राखेको छ । प्रस्तुत शोधपत्रमा प्रा. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको 'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति' पाठ्यपुस्तकलाई धारणात्मक आधार बनाएर तयार बनाउने प्रयास गरिएको छ । त्यसैगरी  त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुतका लागि तारा शिवाकोटीको **कक्षा ४ को मेरो नेपाली किताब को विश्लेषणात्मक अध्ययन**को धारणा र एम एड दोस्रो वर्षको 'भाषिक अनुसन्धान विधि' डा. यादवप्रसाद लामिछाने, तीर्थराज भट्टराई, मदनराज बराल, बालकृष्ण गौतमद्वारा रचना गरिएको पाठ्यपुस्तकका धारणाबाट तयार परिएको छ । त्यसैगरी प्रस्तुत शोधपत्र नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्र, सानोठिमी भक्तपुर (२०७५) द्वारा प्रकाशित कक्षा ४ को वर्तमान मेरो नेपाली पाठ्यपुस्कका बाह्य र आन्तरिक आधारमा अध्ययन गरिएको छ ।


उक्त पाठ्यपुस्क आन्तरिक वा शैक्षिक आधारहरू (विषयवस्तु, विधा तथा प्रस्तुति, भाषा, नमुना अभ्यास, चित्र, भूमिका तथा निर्देशन) कस्तो छ ?पाठ्यक्रम र पाठ्यपुस्तक बिचको मिलान  कस्तो रहेको छ ?  यसरी उक्त विषेशताका आधारमा पाठ्यपुस्तक कतिको सान्दर्भिक रहेको छ भनि अध्ययन गर्नु रहेको छ । त्यसै गरी उक्त पाठ्यपुस्तकको बाह्य वा भौतिक पक्षका आधारमा (आवरण पृष्ठ, आकार, छपाइ, अक्षरको आकार, कागज, बँधाइ, मूल्य, सुलभता, विषयसूची) कस्तो छ ? कसरी राखिएका छन् ? समय सापेक्ष छ छैन ? छैन भने कसरी समय सापेक्ष बनाउन सकिन्छ भनी सल्लाह सुझाब गरिने छ । त्यसैगरी नेपाल जस्तो अल्पविकसित मुलुकमा शिक्षण सिकाइको मूख्य साधनकोरूपमा पाठ्यपुस्तकलाई नै लिनु पर्ने सन्दर्भमा यसलाई कसरी प्रभावकारी एवम् व्यावाहारिक बनाउन सहयोग गर्ने काम यस शोध विधिले गर्दछ । प्रतिस्पर्धाको विश्व बजारमा कस्तो विषयवस्तु समावेश गरेर कस्तो प्रकारको शैक्षणि कार्यकालाप अपनाउँदा पाठ्यपुस्तकको स्तर कस्तो बनाउँदा

समयसापेक्ष र विश्व प्रतिस्पर्धी बनाउन सकिन्छ भन्ने विषयको समाधान सहित सल्लाह दिने काम गर्ने प्रयास गरिएको छ ।

यसरी उक्त शोधपत्रले कक्षा ४ मा अध्ययनकर्ता, अध्यापनकर्ता, नीति निर्माणकर्ता, समकालीन समाजलाई पाठ्यपुस्तकमा आएको समस्याको समाधान गर्न सहयोग गर्नेछ । त्यसै गरी विद्यार्थीको रुचि, क्षमता र आवश्यकतालाई मध्यनजर गरी पाठ्यपुस्तक निर्माणमा सहयोग पुग्ने छ ।

पाठ्यपुस्तक सर्बसुलबको लागि सरोकारवालालाई उपयुक्त सल्लाह दिइने छ । हालको सबैभन्दा ठुलो समस्यामा भनेको सबै ठाउँमा पर्याप्त पाठ्यपुस्तक नपुग्नु हो त्यस समस्याको समाधान सहित सुझाव पेश गरिएको छ । पाठ्यपुस्तकमा रहेको कमिकमजोरीलाई सुधारका उपाय सहितको राय पेस गरिएको छ । पाठ्यपुस्कमा मुख्य समस्याको रूपमा रहेको बढी सैद्धान्तिकरहेकोमा कसरी व्यावहारिक बनाउने भन्ने विषयलाई पनि ध्यानाकर्षण गएिको छ । सम्बन्धित पाठ्यपुस्कमा दैनिक व्यवहारमा आउने समस्याको समाधान गर्ने विषय पनि  समावेश गरी सुझाव तथा सल्लाह दिने प्रयास गरिएको छ । यसशोध कार्यमा कक्षा ४ को मेरो नेपाली किताबको आन्तरिक र बाह्य विशेषता कस्तो छ भनी पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन गरिएको छ । यस शोधकार्यको अवधारणात्मक ढाँचालाई निम्नानुसार आरेखमा देखाइएको छ :

## आरेख सङ्ख्या १


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पठ्यक्रम विकास केन्द्र
आधारभूत शिक्षा पाठ्यक्रम
कक्षा चार
नेपाली भाषा पाठ्यक्रम
भाषा पाठ्यपुस्तकको विशेषता
उक्त पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताको आधारमा अध्ययन
निष्कर्ष

# अध्याय तीन : अध्ययनको विधि प्रक्रिया

## ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०४९ संस्करणः २०७५) द्वारा प्रकाशित कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकको बाह्य र आन्तरिक विषेशताअनुसार कतिको सान्दर्भिक रहेको छ ? आजको बदलिदो विश्व परिवेशका लागि कतिको उपयुक्त पाठ्यपुस्तक रहेको छ भनी अध्ययन गर्नु रहेको छ । यसरी यहाँ पाठ्यपुस्तकमा हुनु पर्ने आन्तरिक विषेशता विषय वस्तु, विधा तथा प्रस्तुति, भाषा, नम"ना अभ्यास, चित्र, भमिका तथा निर्देशनका बारेमा र बाह्य विषेशतामा आवरण पृष्ठ, आकार छपाइ, अक्षरको आकार, कागज, बँधाइ मूल्य, सुलभता र विषयसूचीका आधारमा उपयुक्त छ छैन र कस्तो हुदाँ पाठ्यपुस्तक सान्दर्भिक हुन सक्छ भन्ने कुरालाई समावेश गरिएको छ ।

यसका निम्ति पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिने छ । यसमा पाठ्यपुस्तक विश्लेषणको निम्ति वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिने छ । यो अध्ययनबाट पाठ्यपुस्तकको गुण पत्ता लगाइने हुनाले गुणात्मक प्रकृतिको हुनेछ । विद्यार्थीको रुचि, क्षमता, स्तरअनुकूल छ छैन यदि छैन भने कसरी विद्यार्थीको रुचि, क्षमता र स्तरअनुसार हुन्छ, त्यसको समाधान सहित सल्लाह दिनु हो । (शिवाकोटी (२०६२: ३२) ।

नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०४९ तथा संस्करण २०७५) द्वारा प्रकाशित कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारमा अध्ययन गर्नु नै यसको संरचना हुनेछ । यसमा मुख्य गरी पाठ्यपुस्तको बाह्य रूपमा समकालिन समाजसँग समायोजन गर्ने प्रकृतिको छ छैन यदि छैन भने के कस्ता कार्य गरी सोही अनुसार बनाउन सकिन्छ । आन्तरिक आधारमा विषयवस्तुको प्रकृति कस्तो छ ? दैनिक व्यावहारमा समस्याको समाधान गर्ने प्रकारको पाठ्यपुस्तक बनाउन सल्लाह दिने ।

भाषा सिकाइका भाषिक सिप विकास गराउने कार्यकलाप कस्तो प्रकारको छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइसँगसम्बन्धित कस्ता कस्ता अभ्यास छन् । कस्ता कस्ता भाषिक

सिप समावेश गर्दा प्रभावकारी बन्न सक्छ भनी सल्लाह पनि दिने यस शोत्रपत्रले गरेको छ। यसरी उक्त शोधपत्तत्र पाठ्यपुस्तकको गुण पहिल्याउने भएको कारण गुणात्मक प्रकृतिको पनि रहेको छ। (शिवाकोटी २०६८ : ३४)।

## ३.२ जनसङ्ख्या

शोधपत्र केको आधारमा तयार बनाउने, कुन कुन विषयवस्तुको विस्तृत रूपमा अध्ययन गरेर तयार गर्ने भन्ने कुराको निर्क्योल गर्नु नै जनसङ्ख्याको नम"ना हो। यसबाट उक्त शोधपत्र के को आधारमा गरिएको छ भन्ने जानकारी पाउँन सकिन्छ। यसरी नै प्रस्तुत अध्ययनको जनसङ्ख्याको रूपमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, (२०४९ संस्करण :२०७५) द्वाराप्रकाशित गरेको विद्यालयीय स्तरको विविध विषयको पाठ्यपुस्तक मध्ये कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारको अध्ययन गर्नुलाई लिइएको छ।

## ३.३ नमुना छनोट र प्रक्रिया

प्रस्तुत अध्ययनको नमुना छनोटका रूपमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, (२०४९ संस्करण : २०७५) द्वारा प्रकाशित गरेको विद्यालयीय स्तरको विविध विषयको पाठ्यपुस्तक मध्ये कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकलाई लिइएको छ। यस अध्ययनको प्रक्रियाको रूपमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिने छ।

यसमा पाठ्यपुस्तकको विश्लेषणको निम्ति वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिने छ । पाठ्यपुस्तकको गुण, दोषका आधारमा अध्ययन गरिन्छ । पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको व्याख्या गरिने हुँदा यसमा कतिपय ठाउँमा व्याख्यात्मक प्रकृतिको पनि हुने छ । त्यसै गरी यस अध्ययनबाट पाठ्यपुस्तकको गुण पत्ता लगाइने हुनाले गुणात्मक प्रकृतिको हुनेछ (खनाल २०६९ : २६) । उक्त अध्ययनमा मुख्य गरी समुह छनोट प्रक्रिया अवलम्बन गरिएको छ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत अध्ययन तयार गर्नका निमित्त तथ्याङ्क सङ्कलन गर्न विविध साधनको प्रयोगगरिएको छ । प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिने छ । यसमा पाठ्यपुस्तकको विश्लेषणको निम्ति वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिने छ । यो अध्ययनबाट पाठ्यपुस्तकको गुण पत्ता लगाइने हुनाले गुणात्मक प्रकृतिको हुनेछ । पाठ्यपुस्तकको बाह्य र आन्तरिक रूपमा वर्णन र व्याख्या गरिने भएकाले वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । साथै तथ्ङ्क सङ्कलन तथा सल्लाह सुझावका लागि सर्वेक्षण विधिको पनि कतिपय स्थानमा गरिएको छ । यसलाई प्राथामिक स्रोतका रूपमा तल चर्चा गरिकाएको छ । तथ्याङ्क सङ्कलनका साधनको रूपमा निम्नानुसारबाट गरिएको छ :

**क) प्राथमिक स्रोत :**

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा सर्वेक्षण विधिको पनि प्रयोग गरिएको छ । यस क्रममा इटहरी १४ मा रहेको श्री सरस्वती माद्यमिक विद्यालयका शिक्षकहरूलाई भेटेर कक्षा ४ को पाठ्यपुस्तकको बाह्य र आन्तरिक रूपमा कस्तो छ भन्ने विषयमा छलफल गरिएको छ । निजी विद्यालय माउण्ट मानास्लु माद्यमिक विद्यालय दुहबी ३ मा अध्यापन गराई रहेका शिक्षकसँग पनि के कस्ता कमीकमजोरीहरू छन ? सुधार गर्नु पर्ने पक्ष के के छन ? भनि छलफल गरिएको छ । यसै गरी सोही विद्यालयको कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूमा पनि पाठ्यपुस्तकको रुचिपूर्ण, टिकाउका विषयमा छलफल गरिएको छ । यस्तो छलफलमा सम्बन्धित व्याक्तिबाट के धारणा आयो भने पाठ्यपुस्तक समग्रमा ठीकै भए तापनि अझ व्यावहारिकता, स्तरीयता, रुचिपूर्ण एवम् टिकाउ बनाउन सकेमा प्रभावकारी बन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

**ख) द्वितीयक स्रोत :**

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिने छ । यसमा पाठ्यपुस्तकको विश्लेषणको निम्ति  वर्णन र व्याख्या गरिने हुँदा वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिने छ । यो अध्ययनबाट पाठ्यपुस्तकको गुण पत्ता लगाइने

हुनाले गुणात्मक प्रकृतिको हुनेछ । यसरी यस अध्ययनमा द्वितीयक स्रोतका रूपमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सानोठिमी भक्तपुर (२०४९ संस्करण : २०७५) द्वारा प्रकाशित कक्षा ४ को मेरो नेपाली किताबलाई लिइएको छ । त्यसैगरी प्रस्तुत शोधपत्र नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ( २०४९ तथा नयाँ संस्सण २०७५) द्वारा प्रकाशित कक्षा ४ को मेरो नेपाली किताबको पाठ्यक्रमलाई पनि लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

प्रस्तुत अध्ययनका निमित्त पुस्ताकलयीय स्रोतबाट सामग्री सङ्कलन गरी तयार गरिएको छ । यस पठ्यपुस्तकमा के् के समस्या छन् र के कस्ता कुराहरू राम्रा छन् समयसापेक्षित छ छैन भनी मूल्याङ्कन गरी समस्या समाधानका उपाया समेत दिन प्रयास गरिएको छ । सले गर्दा मुख्यरूपमा पुस्ताकललीय विधि कै प्रयोग गरी तयार गरिएको छ । कतै कतै सर्वेक्षेण विधिको पनि प्रयोग गरी तयार बनाइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुक अध्ययन तयार बनाउँदा विविध तथ्याङ्क सङ्कलन गरिएको छ । मूख्य गरी पुस्ताकललीय विधिबाट सामग्री सङ्कलन गरिएको छ भने कतै कतै सर्वेक्षण विधिको पनि प्रयोग गरिएको छ । उक्त पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा अध्ययन गरिने भएकाले मूख्यगरी सम्बन्धित पाठ्यपुस्तकै तथ्यबाट लिइएको हुनाले यसमा आगमन विधिको प्रयोग गरिएको छ । यसरी सोही पाठ्यपुस्तकबाट सामग्री सङकलन गरिने भएकाले त्यसै तथ्याङ्कमा आधारित भएर निष्कर्ष निकालिएको हुनाले यस अध्ययनमा आगमन विधिको प्रयोग गर्नु उपयुक्त रहेको छ ।

# अध्याय चार : व्याख्या विश्लेषण

## ४.१ भाषा पाठ्पुस्तकको परिचय

पाठ्यपुस्तक पाठ्क्रमको उद्देश्यअनुरूप निर्माण गरिने लिखित पाठ्य सामग्री हो । पाठ्यक्रमको उद्देश्य, विषवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनलाई ध्यानमा राखेर पाठ्यपुस्तक निर्माण गरिन्छ । 'पाठ्यक्रम एउटा सैद्धान्तिक सामग्री हो भने पाठ्यपुस्तक व्यावहारिक सामग्री हो । पाठ्यक्रमको अपेक्षित उपलब्धी हासिल गर्न सहयोग गर्ने कार्य पाठ्यपुस्तकले गर्छ' (ढकाल, २०६८ : १०३) ।

भाषा पाठ्यपुस्तकमा सम्बन्धित तहको भाषा पाठ्यक्रमअनुसार तय गरिएका विषयवस्तु राखिन्छ । भाषा पाठ्यपुस्तक अन्य विषयका पाठ्पुस्तकभन्दा फरक किसिमको हुन्छ । अन्य विषयको पाठ्यपुस्तकमा भाषा साधन र विषय साध्य हुन्छ । सम्बन्धित क्षेत्रको वैज्ञानिक ज्ञान गराउने उद्देश्य रहेको हुन्छ र सबै एउटै विधामा आवद्ध रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य वस्तु, भाषिक सिपमा केन्द्रित पाठ प्रस्तुसतमा विविधता, व्याकरणात्मक अभ्यास अनिवार्य हुन्छ ।

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका वा तयार गरिएका हुन्छन् (शर्मा र पौडेल, २०६० : ३३९) ।

शिक्षण सिकाए क्रियाकलापको मूल केन्द्र विन्दु नै पाठ्यपुस्तक हो । यसैको आधारमा शिक्षण कार्य सञ्चालन हुन्छ । पाठ्यक्रमले निर्देश गरेको विषयवस्तु, विधा, क्षेत्र र क्रमलाई आधार मानेर पाठ्यपुस्तक निर्माण गरिन्छ (शिवाकोटी २०६२ : ४६) । हाम्रो जस्तो मुलकमा पाठ्यपुस्तक नै सर्वोत्तम शैक्षिक सामग्री हो जसका आधारमा शिक्षकले कति पढाउने, के पढाउने, कुन विधिको प्रयोग गर्ने, कस्ता सामग्री प्रयोग गरी पढाउने भन्ने प्राप्त गर्दछ । त्यसरी नै विद्यार्थीले दाहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन तथा स्व-अध्ययन गर्न सक्दछन् ।

भाषापाठ्यपुस्तक पाठ्यक्रमको सैद्धान्तिक पक्षलाई व्यावहारिक पक्षमा ढालेर उद्देश्य पूरा गराउने एउटा भरपर्दो महत्त्वपूर्ण सामग्री हो । भाषा पाठ्पुस्तकमा विद्यार्थीको रुचि

आवश्यकता, पूर्वअनुभव र स्तरलाई ख्याल गरी विषयवस्तु राखिएको हुन्छ । भाषापाठ्यपुस्तक के हो र कस्तो हुन्छ भन्ने विषयमा विभिन्न विद्वानहरूले आ आफ्नै किसिमले परिभाषा दिएका छन् । केही परिभाषा निम्नानुसार छन् :

'विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पाढाउने पुस्तक नै पाठ्यपुस्तक हो' (बृहत् नेपाली शब्दकोश) ।

'पाठ्यपुस्तकमा के पढाउने भन्ने कुरा मात्र उल्लेख नगरी यसको शिक्षण प्रक्रियामा समेत उल्लेख गरी सिकाइ प्रयोजनको लागि तयार गरिएको एक महत्त्वपूर्ण स्रोत सामग्री हो' इन्साक्लोपेडिया अमेरिकन, (१९७६, भोल ५६३) ।

'पाठ्यक्रममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो' (अधिकारी र शर्मा, २०५७ : २४) ।

'भाषा शिक्षणका निम्ति उपयोग गरिने भाषा पाठ्यपुस्तक, भाषिक सिप र व्याकरणको आधारभूत सामग्रीसमेत व्यवस्था गरिएको समन्वयात्मकरूप हो' (ढुङ्गेल र दहाल, २०५७ : २४) ।

पाठ्पुस्तक शिक्षक र विद्यार्थी दुवै थरिका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ (अधिकारी र शर्मा २०५६ : २३) ।

पाठ्यपुस्तक भनेको शिक्षकका लागि निर्देशिका, विद्यार्थीका लागि स्रोत समग्री, सिकि सकेका कुराहरूको स्थायी लेखाजोखा गर्ने, सामान्यीकरण तथ्य क्रमबद्धता कायम गर्ने साधन, भाषा सिकाइको लेख्य पक्ष, भाषातात्त्विक अनुभवको वृद्धि गराउने बृहत् सामग्री तथा अन्ततः पढाइको अभ्यास गराउने स्थल पनि हो । त्यसैले पाठ्य पुस्तक भनेको विद्यार्थीहरूलाई छापिएका सामग्रीतर्फ उनीहरूको अभिरुचि जागृत गराई आजीवन पाठक बनाउने प्रेरित गर्ने महत्त्वपूर्ण साधन पनि हो (कोट मोविआ १९७३ : ६) ।

यसरी हेर्दा पाठ्यपुस्तक भनेको पाठ्यक्रमअनुसार विद्यार्थीहरूको लागि तयार पारिएको आधिकारिक पाठ्यसामग्री हो । पाठ्यपुस्तकको सहायताले नै शिक्षकको कक्षामा पढाउँछन भने विद्यार्थीहरू पढ्दछन् । शिक्षकलाई योजनाबद्ध शिक्षण गर्न, उपयुक्त शैक्षिक

सामग्री र शिक्षण विधिको प्रयोग गर्न सहयोग पुग्दछ । पाठ्यपुस्तकले विद्यार्थीलाई निरन्तर अभ्यास गराउन सहयोग पुग्छ । पाठ्यपुस्तकको आधारमा नै एक शैक्षिक शत्रको अन्त्यमा परीक्षा लिई स्तर निर्धारण गरिन्छ । हाम्रो देशमा दक्ष तालिम प्राप्त शिक्षक नहुनु पर्याप्त शैक्षिक सामग्रीहरू उपलब्ध नहुनुले पाठ्यपुस्तक नै एक सर्वसुलभ सामग्री बनेको छ ।

यसरी भाषा पाठ्यपुस्तक भन्नाले भाषा पाठ्यपुस्तकले तोकेको अपेक्षित भाषिक उद्देश्यहरू परिपूर्ति गर्ने सामग्री हो । यसले शिक्षकलाई सम्बन्धित तहमा के कति पढाउने जस्ता ज्ञान उपलब्ध गराउँछन् । विद्यार्थीलाई पनि भाषिक सिपमा वृद्धि गराई अभ्यासात्मक कार्यकलापमा सहभागी गराउँदछ ।

भाषापाठ्यपुस्तकलाई दुई आधारमा अध्ययन गरिन्छ । जसमा आन्तरिक आधार र बाह्य आधार हुन् ।

आन्तरिक आधार अन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषा, चित्र, नमुना अभ्यास, भूमिका तथा निर्देशन हुन् ।

बाह्य आधार अन्तर्गत पाठ्यपुस्तकको आकार, आवरण, पृष्ठ, छपाइ, अक्षरको आकार, कागजको स्तर, बँधाइ, मुल्य पर्दछन् । एउटा असल पाठ्यपुस्तक बन्न यी विभिन्न आधारहरूको तालमेल तथा उपयुक्तता हुनुपर्छ ।

## ४.२ पाठ्यपुस्तकको मुख्य विषेशता

पाठ्यपुस्तकको प्रमुख विषेशताहरूलाई निम्न अनुसार बँदामा प्रस्तुत गर्न सकिन्छ :

१) पाठ्यपुस्तकको भाषा सरल । बोधगम्य हुनु पर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने भाषाको स्तर विद्यार्थीहरूको मानसिक क्षमता अनुरूपको हुनु पर्दछ ।

२) पाठ्यपुस्तकमा प्रयोग गरिने पाठ्य सामग्रीको छनोट अन्यन्त सावधानी तरिकाले विषयवस्तु अनुकूल गरिएको हुनु पर्दछ ।

३) पाठ्यपुस्तकमा प्रयोग गरिने पाठ्य सामग्री विद्यार्थीहरूको मानसिक क्षमता अनुकूल हुनु पर्दछ ।

४) पाठ्यपुस्तकमा प्रयोग गरिने पाठ्य वस्तु सकेसम्म विद्यार्थीको जीवनसँग सम्बन्धित भएको वा हुन सक्ने प्रकृतिको हुनु पर्दछ । अर्थात पाठ्य पुस्तकमा प्रयोग गरिने पाठ्य सामग्रीले कि विद्यार्थीको वर्तमान उतार्नु पर्दछ कि त उनीहरूको भविष्यको बाटो देखाउन सक्नु पर्दछ ।

५) पाठ्यपुस्तकमा प्रयोग गरिने पाठ्य वस्तु विद्यार्थीलाई सकारात्मक दिशामा अघि बढ्ने प्रेरणा प्रदान गर्ने प्रकृतिको हुनु पर्दछ ।

६) पाठ्यपुस्तकमा पाठ्यवस्तुलाई रोचक ढङ्गले प्रस्तुत गर्नु पर्दछ । मुख्य रूपमा सिकाइमा देखिने कठिन समस्याहरूलाई विद्यार्थीहरूले सिक्न सक्ने गरी प्रस्तुत गर्नु पर्दछ ।


६) पाठ्य पुस्तकमा शिक्षण विधिको सङ्केत हुनु राम्रो मानिन्छ ।

७) प्राथमिक तहका विद्यार्थीहरूका लागि विषयलाई स्पष्ट पार्ने खालको आकर्षक चित्रहरू समावेश हुनु पर्दछ ।

८) पाठ्य पुस्तकमा विद्यार्थीहरूका लागि कक्षा कार्य, गृहकार्य, अभ्यास तथा परीक्षा सम्बन्धी सुझाव समेटिएको हुनु पर्दछ ।

९) पाठ्यपुस्तकमा अन्धविश्वास र रुढिवादी प्रवृत्तिलाई प्रोत्साहन गर्ने प्रकृतिको विषय वस्तु हुनु हुँदैन ।

आरेख सङ्ख्या २




*स्रोत : प्रा भोजराज ढुङ्गेल र दुर्गा प्रसाद दाहाल (२०६८ पृ.११७) नेपाली भाषा पाठ्यक्रम पाठ्य पुस्तक तथा शिक्षण पद्धति ।*

प्रस्तुत कक्षा ४ को **मेरो नेपाली** पाठ्यपुस्तकको विशेषतालाई यसको आधारमा अध्ययन गरिएको छ ।

## ४.३ पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन

प्रस्तुत अध्ययनमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर (२०४९ संस्करण २०७५) द्वारा प्रकाशित कक्षा ४ को मेरो नेपाली किताबको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन गरिएको छ । यहाँ

आन्तरिक विशेषताका आधार अन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषा, चित्र, नमुना अभ्यास, भूमिका तथा निर्देशनलाई दिइएको छ भने बाह्यआधार अन्तर्गत पाठ्यपुस्तकको आकार, आवरण, पृष्ठ, छपाइ, अक्षरको आकार, कागजको स्तर, बँधाइ, मुल्यलाई  लिइएको छ ।

### ४.३.१ आन्तरिक वा शैक्षिक आधारहरू

पाठ्यपुस्तक निर्माण गर्नका लागि अनिवार्य तत्त्वको रूपमा रहेको विषयवस्तु, विधा, पाठको प्रस्तुतीकरणमा विविधता, भाषा, चित्र, नमुना अभ्यास, शब्दभण्डार नै आन्तरिक वा शैक्षिक आधारहरू हुन् । उक्त आन्तरिक विशेषताका आधारमा कक्षा ४ को वर्तमान मेरो नेपाली किताबलाई निम्नानुसार अध्ययन गरिएको छ ।

#### ४.३.१.१ विषयवस्तु/पाठ्यवस्तु

भाषा शिक्षणका दृष्टिले पाठ्यपुस्तकभित्र समावेश भएका आन्तरिक पक्षको अध्ययन नै आन्तरिक आधार हो । 'पाठ्यपुस्तकभित्र समावेश हुनुपर्ने महत्त्वपूर्ण आन्तरिक पक्षहरू कति मात्रामा समावेश छन् या छैनन् भनी अध्ययन गर्नु महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तक बाहिरबाट हेर्दा जतिसुकै आकर्षक र राम्रो भए पनि भित्री पक्षहरूमा हुनुपर्ने कुराहरू भएन भने पाठ्यपुस्तकको उपयोग रहँदैन । पाठ्यपुस्तक हेर्नका लागि भन्दा अपेक्षित ज्ञान आर्जन गर्नका लागि निर्माण गरिन्छ' (ढुङ्गेल २०६८ : १०३) ।

विषयगत विविधतालाई उपर्युक्त विधामा ढालेर गरिएको प्रस्तुतीकरणबाट सुनाइ, पढाइ, लेखाइ र बोलाइसँग सम्बन्धित भाषिक क्रियाकलाप गर्न गराउन सकिन्छ । यसरी गरिएको क्रियाकलापले विद्यार्थीको ज्ञान, अभिवृद्धि र सिप विकसित गराउँने आधार प्रदान गर्दछ । अन्य पाठ्यपुस्तकमा विषयगत एकनिष्ठता हुन्छ तर भाषाको पाठ्यपुस्तकमा विषयगत विविधता अनिवार्य ठानिन्छ । विषयगत विविधताले सिकारुमा सिक्ने उत्प्रेरणा जगाउँछ । भाषाका पुस्तकले विषयको प्रस्तुतीकरणगत विविधतालाई पनि वहन गर्ने कुरा स्मरणीय हुन आउँछ ।

यस पाठ्यपुस्तकमा विषय सूचीका रूपमा २१ वटा पाठलाई समावेश गरिएको छ । कविता विधाअन्तर्गत पाँच वटा कविता समावेश गरिएको छ भने कथा विधाअन्तर्गत छ

वटा कथालाई समावेश गरिएको छ । त्यसै गरी रूपक विधाअन्तर्गत एउटा चिठी र एउटा निवेदन, दुई वटा संवाद समावेश गरिएको छ । त्यसै गरी प्रबन्धअन्तर्गत ६ वटा प्रबन्ध समावेश गरिएको छ । भाषिक सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई निरन्तरता दिनका निमित्त उपयुक्त नै देखिन्छ ।

पाठ्यपुस्तकमा चार रङ प्रयोग गरी विद्यार्थीको अभिरुचि तथा आकाङ्क्षालाई पनि ख्याल गरिएको छ । विषय वस्तुको प्रयोगमा पाठमा भएका कठिन शब्दलाई पनि शब्दार्थको रूपमा दिइएको भए विद्यार्थी एवम् शिक्षकलाई पनि सहज तथा प्रभावकारी हुने थियो । पाठ्यपुस्तकमा केही कविताहरू स्तरअनुसार अलि बढि कठिन तथा क्लिष्ठ भएको हो कि भन्ने पनि देखिएको छ । विषयवस्तुहरू बढि  सैद्धान्तिक नै देखिएको छ जसलाई प्रभावकारी बनाउँनका लागि व्यवहारिकपक्षलाई जोड दिनु पर्ने देखिन्छ । शब्दार्थलाई पाठको प्रत्येक पेजको अन्त्यमा राखिएको भएमा प्रभावकारी बन्न सक्नेथ्यो । जसले गर्दा विद्यार्थी एवम् शिक्षक दुबै पक्षलाई सहयोग पुग्थ्यो ।

यस पाठ्यपुस्तकमा निम्नानुसार विषयवस्तु राखिएको छ :

तालिका नं. १ एक


| पाठ | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | गाउँछ गीत नेपाली (कविता) | १ |
| २ | धनको घमण्ड (कथा) | ५ |
| ३ | बचत गर्ने बानी (प्रबन्ध) | १० |
| ४ | नौलाख तारा (कविता) | १५ |
| ५ | नीमको पात (कथा) | १९ |
| ६ | बाग्मती नदी (प्रबन्ध) | २६ |
| ७ | बिहेको निम्तो (संवाद) | ३३ |
| ८ | दाजुभाइ र बुढाबा (कथा) | ४१ |
| ९ | स्वस्थ बनौँ (प्रबन्ध) | ४९ |
| १० | बुबाको चिठी (चिठी) | ५४ |
| ११ | आमा (कविता) | ५८ |
| १२ | बजा लौरी डाङ्डुङ (कथा) | ६१ |
| १३ | नरेशको यात्रा (प्रबन्ध) | ६७ |
| १४ | पशुपन्छी र हाम्रो कर्तव्य (संवाद) | ७३ |
| १५ | प्रधानाध्यापकलाई निवेदन (निवेदन) | ७८ |
| १६ | पाप लाग्छ (कविता) | ८१ |
| १७ | पछुतो (कथा) | ८६ |
| १८ | बालबालिकाको अधिकार (प्रबन्ध) | ९४ |
| १९ | लक्ष्य (कविता) | १०० |
| २० | सत्यकामको अठोट (कथा) | १०४ |
| २१ | आधुनिक सञ्चार (प्रबन्ध) | १११ |

*स्रोत : कक्षा चारको मेरो नेपाली किताब (२०४९ संस्करण २०७५)*

यस पाठ्यपुस्तकको विधागत रूपमा विश्लेषण गर्दा प्रबन्ध विधालाई बढि प्राथामिकता दिइएको पाइएको छ । यस कारणले गर्दा विद्यार्थीहरूको रुचिमा कम रहेको पाइयो । कथा कविता जस्ता विधामा बढि रुचि राखेर अध्ययन गरेको पाइएको छ । त्यस कारण केही प्रबन्धलाई हटाएर अरु पनि केही कथालाई समावेश गर्दा प्रभावकारी हुने देखिन्छ । भाषिक सिप पनि कथा विधाबाटै विद्यार्थीले छिट्टै सिक्ने भएको कारण पनि यस विधाको प्रभाकारिता एवम् रुचि बढेको हो ।

### ४.२.१.२ विधा र प्रस्तुति

भाषापाठ्यपुस्तकको अध्ययन गर्ने दोस्रो आधार विधा तथा प्रस्तुति हो । नेपाली भाषा विषयको शिक्षण भनेको भाषिक सिपको शिक्षण हो । भाषिक सिपमा दक्ष बनाउनका लागि पाठ्यपुस्तकमा विधागत विविधता हुनु आवश्यक हुन्छ । भाषिक सिप सिकाउन विभिन्न विधाबाट सजिलो हुन्छ । विधाहरूको रखाइ विद्यार्थीहरूको रुचि, आवश्यकता र स्तरअनुसार हुनुपर्छ । पाठको छनोट तथा प्रस्तुति गर्दा पाठको लम्बाई, सरल र जटिल क्रममा खास ध्यान दिनु पर्दछ । विषयवस्तुको कठिनाइ विद्यार्थीको स्तरअनुसार क्रमबद्ध भएमा अझ बढी उपयोगी हुनसक्दछ । पाठहरूको प्रस्तुति अघिल्लो पाठसँग पछिल्लो पाठमा समावेश गरिएको शब्दहरू केही आवृति र केही नवीन हुनुपर्दछ । पाठहरू विद्यार्थीको बौद्धिक क्षमताअनुकुल भएमा पाठ्यपुस्तक बढी उपयोगी हुन्छ (दाहाल २०७३ : २४४) । यस पाठ्यपुस्तकको विधागत रूपमा अध्ययन गर्दा :

तालिका नं. २

| क.स. | ीविधा | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| १ | कविता | क) गाउँछ गीत नेपाली<br>ख) नौलाख तारा<br>ग) आमा<br>घ) पाप लाग्छ<br>ङ) लक्ष्य | सामाजिक<br>प्राकृति<br>सामाजिक<br>नैतिक<br>नैतिक | ५ |
| २ | क्था | क) धनको घमण्ड<br>ख) नीमको पात<br>ग) दाजुभाइ र बुढाबा<br>घ) बजालौरी डाङडुङ<br>ङ) पछुतो<br>च) सत्यकामको अठोट | पौराणिक<br>पौराणिक<br>सामाजिक<br>लोक कथा<br>सामाजिक<br>नैतिक र लोक | ६ |
| ३ | प्रबन्ध, लेख | क) वचत गर्ने बानी<br>ख) बाग्मती नदी<br>ग) स्वीाथ बनौँ<br>घ) नरेशको यात्रा<br>ङ) बालबालिकाको अधिकार<br>च) आधुनिक सञ्चार | विचारात्मक<br>वर्णनात्मक<br>विवरणात्मक<br>विचारात्मक<br>विवरणात्मक<br>वर्णात्मक | ६ |
| ४ | संवाद, रूपक | क) बिहेको निम्तो<br>ख) पशुपन्छी र हाम्रो कर्तव्य | संवाद<br>संवाद | २ |
| ५ | चिठी | क) बुबाको चिठी<br>ख) प्रधानाध्यापकलाई चिठी | घरायसी<br>विद्यालयीय | २ |

*स्रोत : कक्षा चारको मेरो नेपाली किताब (२०४९ संस्करण २०७५)*

यसको विधागत अध्ययनलाई निम्नानुसार तल चर्चा गरिएको छ :

### ४.२.१.२.१ कथा

यस पाठ्यपुस्तकमा कथा विधाअन्तर्गत पाँच वटा कथा समावेश गरिएको छ । जसमा पाठ २ मा धनको घमण्ड राखिएको छ भने पाठ पाँचमा निमको पात कथा राखिएको छ । त्यसैगरी पाठ आठमा दाजुभाइ र बढाबा राखिएको छ र पाठ १२ मा बजा लौरी डाङडुङ साथै पाठ २० मा सत्यकामको अठोट कथा समावेश गरिएको छ । यस कथाहरूमा सामाजिक, ऐतिहासिक, पौराणिक कथाहरू समाविष्ट गरिएको छ । कथा समग्रमा हेर्दा स्तर क्षमता र आवश्यकतालाई अध्ययन गर्दा उपयुक्त नै देखिए तापनि केही जस्तै दाजुभाइ र बुढाबा कथा अलिक लामा भएको हो भन्ने बुभ्न सकिन्छ । विद्यार्थीले अध्ययन गर्दा यस्तो प्रकारका कथा अलि अल्छी मान्ने किसिकका हुन्छन् । यस्ता कथालाई केही छोटो र सहज बनाउने हो भने शिक्षण सिकाइमा प्रभाकारी हुने छ । त्यसैगरी पाठ बीसमा रहेको सत्यकामको अठोट कथा पाढ्दा पनि केही कठिन भएको हो भन्ने बभिन्छ । यस कथालाई सरल सहज भाषाशैलीमा प्रस्तुत गरिनु पर्दछ ।

उक्त पाठ्यपुस्तकमा कथाको प्रस्तुति समग्रमा राम्रै रहेको छ । कुनै कुनै कथा केही लामा र भाषा शैलीका दृष्टिले कठिन भए तापनि रुचि पूर्ण नै रहेको पाइन्छ । कथा समसामयिक विषयलाई पनि समावेश गरिएको कथा राख्दा अफ प्रभावकारी बन्छ । किनकि समसायिक रूपमा घटेका घट्नाको पनि विद्यार्थीलाई जानकार गराउन सहयोग गर्नेछ ।

### ४.२.१.२.२ कविता

उक्त पाठ्यपुस्तकमा कविता विधाअन्तर्गत जम्मा पाँच वटा कवितालाई समावेश गरिएको छ । यहाँ पाठ एकमा गाउँछ गीत नेपालीमाधवप्रसाद घिमिरेको कविता राखिएको छ । पाठ ४ मा ‘नौलाख तारा‘ दैवज्ञराज न्यौपानेद्वारा रचना गरिएको कविता रखिएको छ । त्यसैगरी पाठ ११ मा सिद्धिचरण श्रेष्ठद्वारा रचित ‘आमा’कविता समावेश गरिएको छ । पाठ १६ मा लक्ष्मिप्रसाद देवकोटाद्वारा रचित ‘पाप लाग्छ’ कविता समावेश गरिएको छ । साथै पाठ १९ मा कवि पारसमणि प्रधानद्वारा रचित लक्ष्य कविता समावेश गरिएको छ । यसरी समग्र रूपमा हेर्दा कविताहरू स्तर, क्षमता र आवश्यकता अनुरूपनै रहेको पाइए तापनि

कुनै कुनै जस्तै माधवप्रसाद घिमिरेको पाठ एकमा भएको गाउँछ गीत नेपाली कविता स्तरअनुसार कठिन रहेको छ भनी विविध विद्यालयका शिक्षक तथा विद्यार्थीको प्रत्यक्ष सर्वेक्षणबाट जानकारी पाइएको हो । भाषाशैली पनि कठिन तथा क्लिष्ट रहेको, नयाँ नयाँ शब्दको प्रयोग अलि बढि गरिएको छ । जसकारणले गर्दा यस तहका विद्यार्थीलाई उक्त पाठ बुझ्न केही कठिन भएको हो भन्ने विविध सर्वेक्षणबाट जानकारी पाउँन सकिन्छ । अन्य कविताहरू भने स्तरअनुसार नै रहेको पाइएको छ ।

यस पाठ्यपुस्तकमा कविता विधा अन्तर्गत रहेको पारसमणि प्रधानद्वारा रचना गरिएको लक्ष्य कविता विद्यार्थीको स्तर र क्षमतानुसार नरहेको पाइयो जस्तै : “शक्ति लक्ष्यको जसले बुझ्छ अनि उहि माफिया गर्छ मनको धागो उसको पुग्छ धीत पनि उसको मर्छ” यस श्लोक त्यस स्तरका विद्यार्थीले सहजै बुझ्न कठिन हुन्छ भन्ने कुरा पत्ता लगाइयो । यस्ता प्रकारका वाक्यहरू समावेश नगरी सामान्य खालका वाक्य भएको विधाहरू राखिनु पर्दछ ।

### ४.२.१.२.३ रूपक

यस पाठ्यपुस्तकमा रूपक विधाअन्तर्गत एउटा चिठी, एउटा निवेदन र दुई वटा संवाद राखिइएको छ । जसकारणले विद्यार्थीको दैनिक व्यवहारमा आएका समस्याको समाधान गर्न सहयोग गर्नेछ । यसमा चिठीकोरूपमा बुबाको चिठी राखिएको छ । यो चिठी विद्यार्थीको स्तर क्षमताअनुसार ठीकै छ तर पनि केही शब्दहरू कठीन रहेको छ यस्ता शब्दहरूको अर्थ पनि राखिएको भए अझ प्रभावकारी बन्ने छ । त्यसैगरी पाठ १५ मा प्रधानाध्यापकलाई निवेदन राखिएको छ । यो निवेदन विद्यार्थीको स्तर र क्षमताअनुरूप केही मात्रामा सरल भएको जस्तो देखिन्छ किनकी यस निवेदनमा सामान्य शब्दहरू र वाक्यमिलानलाई मात्र समावेश गरिएको छ । त्यसैगरी पाठ ७ मा बिहेको निम्तो संवाद राखिएको छ । यो संवाद उक्त तहका लागि स्तर क्षमता अनुसार ठीकै रहेको छ । पाठ १४ मा पशुपन्छि र हाम्रो कर्तव्य संवाद समावेश गरिएको छ । यो संवाद विद्यार्थीको स्तर र क्षमताअनुसार ठीकै देखिए तापनि यसमा नयाँ प्रविधिको विषयवस्तुलाई समावेशगरी प्रस्तुत गरिएको भए समसामयिक विषयको पनि जानकारी हुने थियो । जसकारणले गर्दा पठ्यपुस्तक पाठ्यक्रम अनुरूप र समसान्दर्भिक हुने छ ।

#### ४.२.१.३ भाषा

भाषापाठ्यपुस्तकको आन्तरिक विशेषताअन्तर्गतक अध्ययन गर्ने तेस्रो आधार भाषा हो । पाठ्यपुस्तकको भाषिक संरचानालाई नै भाषा हो । अन्य पाठ्पुस्तकभन्दा भाषापाठ्यपुस्तकलाई छुट्याउने आधार भनेको भाषा नै हो । भाषापाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर र बौद्धिक क्षमताअनुसार सरल, व्यावहारिकर, रुचिपूर्ण हुनु उपयुक्त मानिन्छ । तल्ला कक्षाहरूमा जटिल वाक्य संरचना, आलङ्कारिक एवम् प्रतीकात्मक शैलीको प्रयोग भएमा विषयवस्तु जटिल बन्न सक्दछ । विद्यार्थीको तहअनुसार भाषिक संरचनामा जटिलता थप्दै लैजानु पर्दछ ।

भाषा विद्यार्थीको दैनिक जीवनमा उपयोगमा आउने किसिमको प्रयोग गर्नुपर्दछ । पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न र विद्यार्थीको भाषा सिकाइलाई परिमार्जन गर्न सक्ने भाषा गर्नुपर्दछ भाषिक संरचना प्राथामिक स्तरदेखि माध्यमिक तहसम्म व्याकरण शिक्षण छुट्टै नगरी विधागतरूपमा पाठकै आधारमा र भाषा प्रयोगका सन्दर्भमा शिक्षण गराउनु उपयोगी हुन्छ ।

यस पाठ्यपुस्तकको भाषामा विद्यार्थीको स्तर र क्षमतानुसार सामान्य भए तापनि कतिपय पाठहरूमा शब्दहरू केही कठीन रहेका छन् । यस्ता कठीन प्रकारका शब्दहरू समावेश गरिए तापनि यसको अर्थ दिएमा शिक्षण सिकाइ प्रभावकारी बन्ने छ । सहजैमात्र समावेश गरेर र पनि पाठ्यपुस्तक निर्माण गर्नु हुँदैन नयाँ शब्दलाई समावेश गर्नु नै पर्छ तर त्यस शब्दको सहज अर्थ पनि राखिनु आवश्यकता छ । पदसङ्गतिको पनि ख्याल गरिनु पर्दछ यहाँ यो पक्ष ठीकै देखिन्छ । अघिल्लो कक्षाको शब्द र नयाँ शब्दका लागि जुन ८०, २० को नियम अनुसार पाठ्यपुस्तक निर्माण भएको छ ।

कक्षा ४ को मेरो 'नेपाली किताब' मा विधागत पाठपछि प्रथम अभ्यासको रूपमा शब्द र  अर्थ राखिएको पाइन्छ । यसलाई नयाँ शब्दभण्डार मान्न सकिन्छ । यसरी राखिएका कठिन शब्द र अर्थ जम्मा १९६ वटा रहेको छ । पहिलो पाठमा ११, दोस्रो पाठमा ८, तेस्रोमा ९, चौथोमा ७, पाँचौमा १६, छैटौमा ११, सातौँमा १६, आठौँमा १३, नवौँमा १२, दशौँमा १०, एघारौँमा १२, बाह्रौँमा १३, तेह्रैंमा ११, चौँधौमा १२, पन्ध्रौँमा ८, सोह्रौमा १६, सत्रौँमा १३, अठारौँमा १३, उन्नाइसौँमा १४, बिसौँमा १५, एक्काइसौँमा १४ वटा शब्द र तिनको अर्थ

दिएको पाइन्छ । पाठ्यपुस्तकमा तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोग भएका छन् । समास, द्विप्त, उपसर्ग, प्रत्तय लागेर बनेका शब्दहरू अपमान, दुर्लभ, दुर्जन, सुयोग्य, कालोपत्र, बरोबर, फजुल खर्च, नातागोता, सम्पादकीय रमणीयजस्ता कठिन शब्दहरू प्रयोग भएका छन् । प्रस्तुत पाठ्यपुस्तकमा गद्य विधाका पाठहरूमा सरल, संयुक्त र मिश्र तीन किसिमका वाक्यहरू प्रयोग भएका छन् । वाक्य गठनमा प्रयोग भएका शब्द सङ्ख्याका दृष्टिले हेर्दा 'बिदा पाउँ, समग्री पाउँ' दुई शब्दबाट निर्मित वाक्यदेखि 'अर्काले दिएको घडी र गहना लगाई सोफामा बसी खाट, दराज आदि प्रयोग गरेर मोज गर्न खोज्नु नामर्दीपन हो ।' जस्ता १८ शब्दबाट निर्मित वाक्यहरू यस सामग्रीभित्र समावेश गरिएका छन् ।

पद्य विधाका पाठहरूलाई हेर्दा 'छकाउने लुकाउने' (पाप लाग्छ पृ ८१) लेखि लोक र बेँसी ब्युझाउँछन् लहर लाखौँ उचाली' (गाउँछ गीत नेपाली पृ १) जस्ता दुई शब्दलेखि सात शब्दसम्मका हरफहरू रहेका छन् । यसरी  यस स्तर र क्षमताका विद्यार्थीका लागि यस्तो शब्द राखिनु उपयुक्त हुँदैन । यस्ता शब्दहरू कठिन रहेका छन् । सामान्य प्रकारका शब्दहरू समावेश गरिनु आवश्यक रहेको छ ।

विधागत शैलीका दृष्टिकोणबाट हेर्दा नरेशको यात्रा वर्णनात्मक शैलीमा लेखिएको पाइन्छ । त्यस्तै बग्मति नदी प्रथम पुरुष शैलीमा रहेको वर्णनात्मक प्रबन्ध विधा हो  नीमको पात वार्ता शैलीमा लेखिएको छ । भाषा तत्त्व प्रयोगका दृष्टिकोणबाट हेर्दा पाठमा भाषातत्त्व अन्तर्निहित छ । अभ्यासमा कार्यमूलक व्याकरणसम्बन्धी अभ्यास राखिएको छ । पाप लाग्छ (पृ ८१) मा हामीले कस्तो स्वाभाव राख्नुपर्छ ? भनी प्रश्न राखिएको छ । यसमा के प्रति कस्तो भाव स्पष्ट दिइएको छ । यसै पाठको अर्को प्रश्न फुलेको फूल हेर्दा कस्तो अनुभव गर्छौं ? भनी दिइएको छ । यसमा कसले अनुभव गर्छ कता राखिएको छैन । यसको सट्टामा तिमी फुलेको फूल हेर्दा कस्तो अनुभव गर्छौ ? राखिएको भए उपयुक्त हन्थ्यो । पाठ ७ को बिहेको निम्तो (पृ ३३) मा रमेशले बोलेको संवाद यसरी दिइएको छ -ए, ठिकै ठाउँमा पो आइएछ । म उहाँको साथी भन्नु भन्दा 'ए ठीकै ठाउँमा आइएछ म महेशजीको साथी' भन्नु स्पष्ट र सरल हुने थियो । यस्तै विविध प्रकारका समस्याहरू रहेको छन्  यी पाठमा भएको भाषाशैलीलाई हेर्दा कक्षा ४ मा पढ्ने स साना बालबालिकाहरूलाई उनीहरूको स्तर, उमेरअनुसारको भाषा प्रयोग गर्नु आवश्यक हुन्छ  बच्चाको कलिलो दिमागमा कठिन शब्द

वाक्य संरचना सिकाँउदा सजिलै सिक्न सक्दैन । प्रचलित शब्दहरू, बालबोली, व्यावहारिक शब्दको प्रयोग गर्नु उपयुक्त मानिन्छ ।

### ४.२.१.४ नमूना अभ्यास

'भाषापाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार नम''ना अभ्यास हो । पाठ्यपुस्तकमा कुनै पनि विधागत पाठपछि अभ्यासहरू राखिएका हुन्छन् । अभ्यासको माध्यमबाट नै भाषिक सिपमा दक्षता ल्याउन सकिन्छ । अभ्यासले विद्यार्थीमा सृजनात्मकता साथै कठिनाई क्षेत्र पत्ता लगाउन मद्दत पुग्दछ । कक्षाको स्तर र आवश्यकता अनुसार पाठपछि अभ्यास राख्नु पर्दछ । विद्यार्थीमा आवश्क ज्ञान र सिपको विकास गर्न अभ्यासले मद्दत गर्दछ' (शिवाकोटी २०६२: ६१) । पाठ्यक्रमको भाषिक सिपसँग सम्बन्धित उद्देश्य पूरा गर्न पाठ्पुस्तकमा उपयुक्त र स्तरयुक्त अभ्यासहरू राख्नु पर्दछ । भाषिक सिपगत र भाषा तत्व सम्बन्धी अभ्यास सन्तुलित रूपमा वितरण गरी राख्नु उपयुक्त हुन्छ । पाठ्यपुस्तकमा राखिएका अभ्यासलाई नम'ना मात्र मानिन्छ । किनभने यी अभ्यास मात्रै पर्याप्त हुँदैन् । यी अभ्यासहरू शिक्षक तथा विद्यार्थीका लागि उपयोगी हुन्छन् ।

भाषापाठ्यपुस्तक भाषिक सिप सिकाउने पाठ्यपुस्तक हो  भाषिक सिप सिकाउन विधागत पाठहरूबाट मात्रै सम्भव हुँदैन यसका लागि अभ्यासको आवश्यकता पर्दछ । पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू मात्रै पर्याप्त हुँदैनन् । त्यसैले पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू विद्यार्थी तथा शिक्षकका लाागि महत्त्वपूर्ण हुन्छन् यसबाट शिक्षकलाई भाषिक सिपसम्बन्धी क्रियाकलाप गराउने र विद्यार्थीलाई भाषिक सिप सिक्न सहज हुन्छ ( भण्डारी २०६८) । मेरो नेपाली किताब कक्षा ४ मा विभिन्न पाठहरूमा राखिएको विभिन्न प्रकृतिका नमुना अभ्यासहरूलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

तालिका नं. ३

पाठ्यपुस्तकभित्र रहेका सम्पूर्ण विधाका आधारमा अभ्यासका सङ्ख्या

| विधा | पाठ | नम''ना अभ्यास सङ्ख्या | जम्मा |
|---|---|---|---|
| कविता | क) गाउँछ गीत नेपाली | १५ | |
| | ख) नौलाख तारा | १२ | |
| | ग) आमा | १२ | ६९ |
| | घ) पाप लाग्छ | १६ | |
| | ङ) लक्ष्य | १४ | |
| कथा | क) धनको घमण्ड | १२ | |
| | ख) नीमको पात | १६ | |
| | ग) दाजुभाइ र बुढाबा | १३ | ८१ |
| | घ) बजा लौली डाङ्डुङ | १३ | |
| | ङ) पछुतो | १३ | |
| | छ) सत्यकामको अठोट | १५ | |
| प्रबन्ध | क) बचत गर्ने बानी | १२ | |
| | ख) बाग्मती नदी | १३ | |
| | ग) स्वास्थ्य बनौँ | १२ | |
| | घ) नरेशको यात्रा | ११ | ७५ |
| | ङ) बावबालिकाको अधिकार | १३ | |
| | घ) आधुनिक सञ्चार | १४ | |
| संवाद | क) बिहेको निम्तो | १६ | २८ |
| रूपक | ख) पशु पन्छी र हाम्रो कर्तव्य | १२ | |
| चिठी | क) बुबाको चिठी | १० | २६ |
| | ख) प्रधानाध्यापकलाई निवेदन | १६ | |

*स्रोत : कक्षा चारको मेरो नेपाली किताब (२०४९ संस्करण २०७५)*

यस पाठ्यपुसतकमा शब्दार्थ सहित २१ वटा पाठमा २८० वटा अभ्यास राखिएका छन् । पाठ्यपुस्तकमा दिइएका अभ्यासलाई हेर्दा समानुपातिक रूपमा अभ्यासको वितरण भएको पाइँदैन । कुनै पाठमा १० वटा अभ्यास राखिएको छ भने कुनैमा १६ वटा सम्म अभ्यास रहेका छन् । एउटै प्रकृतिको अभ्यासमा पनि  विविधता पाइन्छ जस्तै खालि ठाउँ भर्ने अभ्यास यसरी दिएका छन् (१) सुहाउँदो शब्द छानी खाली ठाउँ भर (पृ १३) (२) उदाहरणमा हेरी तलका उत्तर आउने प्रश्न बनाऊ : (पृ ३०) (३) कोष्ठबाट मिल्ने शब्द छानी वाक्य पूरा गर : (पृ ३८)

भाषिक सिपसम्बन्धी विविध प्रकृतिका अभ्यासहरूलाई हेर्दा एउटा पाठमा  सबै भाषिक सिपलाई समेट्ने किसिमको अभ्यासहरू राखिएका छैनन । कुनै सिपगत अभ्यासहरू कुनै पाठमा बढी देखिनछन भने कुनैमा कम पाइन्छ । त्यसैले प्रत्येक पाठमा सबै भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू राखेमा उपयुक्त हुने देखिन्छ । सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू एकै ठाउँमा सँगसगै राखिएका पाइन्छन् । यी दुवै सिपका अभ्यासहरूसँगसँगै हुन्छन् ।  एउटै अभ्यासबाट २ वटा सिप वा सो भन्दा बढी सिप हाँसिल हुने भभ्यासहरू पनि राखिएका छन् । यी अभयासहरू आफैँमा पूर्ण छैनन् । विभिन्न अभ्यासहरूमा विभक्ति, निपात, नाम, सर्वनाम, लिङ्ग, वचन, करण, अकरण, लेख्य चिन्ह, उखान टुक्का, काल आदि कार्यमूलक व्याकरणका तत्त्वहरू रहेका छन् । यसरी हेर्दा सृजनात्मक अभ्यास भनेर कतै पनि दिइएको पाइदैन । पाठ्यक्रमले बाल शब्दकोश प्रयोग गर्न सक्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा यससम्बन्धी अभ्यास राखिएको पाइँदैन । यसलाई पाठ्यपुस्तकको कमजोरीका रूपमा दिइन्छ ।

यस पाठ्यपुस्तकको अभ्यासमा स्तरअनुसार जटिल रहेको छ जस्तो अभयास १० (पृ ९) मा तलका भनाइ पढ र त्यसबाट तिमीले बुझेको कुरा लेख : ‘मैले बित्थामा धनको घमण्ड’ त्यस्तै अभ्यास १६ प ४० मा ‘माथिका निमन्त्रणा पत्र हेरी तिम्रो दाजु, दिदी वा गाउँका कसैका विवाहका लागि निमन्त्रण्नन पत्र तयार गर’ यस स्तरका विद्यार्थी निमन्त्रणा पत्र तयार गर्न सक्ने प्रकारका हुँदैन त्यसकारण यस्तो प्रश्न राखिनु उपयुक्त हुँदैन । त्यसैगरी पृ ९२ मा रहेको अभ्यास ७ को वाक्यमा प्रयोग गर : मा ‘संस्कार ल्याउनु, गाइँगुइँ सुनिनु, कुरा काट्नु, ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गो, पश्चाताप हुनु आँखामा आशु

टिलपिलाउनु' यस स्तरका विद्यार्थीले सामान्य शब्दका वाक्य बनाउन मात्र सक्छ भने यस्तो लामा शब्द वा दुई शब्द उखान टुक्काहरू विद्यार्थीलाई बोझिला हुन सक्छन् त्यसले सामान्य शब्दहरू समावेश गरिनु पर्दछ  ताकी विद्यार्थीले सहजै वाक्यहरू बनाउन सकोस ।

नमुना अभ्यासलाई भाषिक सिपका आधारमा अध्ययन गर्दा निम्न अनुसार हेर्न सकिन्छ :

**सुनाइ**

कक्षा चारको उक्त पाठ्यपुस्तकमा सुनाइ सिप विकासका लागि विविध अभ्यास राखिएको पाइयो । जस्तै अभ्यास १. शिक्षकले भनेको सुन र भन (पृ : ३७), अभ्यास १. उत्तर भन : (पृ. : २) त्यसै गरी अन्य पाठमा पनि पाठको अध्ययन पश्चात उत्तर भन भनेर सुनाइ सिपको विकास गराउने प्रयास गरिएको छ ।

**बोलाइ**

कक्षा चारको उक्त पाठ्यपुस्तकमा बोलाइ सिप विकासका लागि विभिन्न प्रकारका अभ्यासहरु समावेश गरिएको पाइयो । जस्तै : अभ्यास १. सुन र भन (पृ.:१२), अभ्यास १. शिक्षकले नौलाख तारा लयमा गाएको सुन र त्यसैअनुसार गाएर साथीलाई पनि सुनाऊ । उक्त पाठ्पुस्तकमा बोलाइ सिपका लागि केही कम अभ्यासहरु समावेश भएको हो की भन्ने विभिन्न शिक्षक तथा विद्यार्थीसँको अन्तक्रियाबाट पनि जानकारी पाउँन सकिँछ ।

**पढाइ**

कक्षा चारको उक्त पाठ्यपुस्तकमा पढाइ सिप विकासका लागि विभिन्न प्रकारका अभ्यासहरु समावेश गरिएको पाइयो । जस्तै : अभ्यास ११. नौलाख तारा कविता कण्ठ पारेर सुनाउ (पृ : १८), दिएको पाठलाई लयवद्ध स्वसरवाचन गर भन्ने जस्ता विभिन्न कृयाकलाप राखिएको पाइन्छ । तर, उक्त अभ्यासहरुमा पढाइ सिप विकासका लागि चाहिने जति नभएको देखियो । त्यसैगरी अभ्यासमा यी सिपहरु छुट्टाछुट्टै रुपमा राखिएको भने छैन । भाषिक सिप भिन्नभिन्नै राखिएको भए अझ प्रभाकारी हुने थियो ।

**लेखाइ**

कक्षा चारको उक्त पाठ्यपुस्तकमा लेखाइ सिप विकासका लागि विभिन्न प्रकारका अभ्यासहरु समावेश गरिएको पाइयो । जस्तै . अभ्यास ३. (पृ.१६) सच्याएर सर, कविताका पङ्ती पूरा गर, शब्द र अर्थ बिच जोडा मिलाऊ जस्ता अभ्यास राखिएको छ । त्यसै गरी अन्य अभ्यासहरु पनि प्रशस्तै नै राखिएको पाइन्छ यस सिप विकासका लागि चाहिँ सबै अभ्यासमा नै रहे तापनि सिप विकास गराउन निकै प्रयास गरिएको पाइन्छ ।

## ४.२.१.५ चित्र

भाषापाठ्यपुस्तकको अध्ययन गर्ने अर्को आधार चित्र पनि हो । चित्रको माध्यमबाट विद्यार्थीलाई विषयवस्तुको धारणा सिकाउन सहज हुन्छ । विद्यार्थीले कुनै विषयवस्तु पढेर भन्दा चित्रको माध्यमबाट छिट्टै सिक्न सक्छन् । सबै विषयवस्तु चित्रको माध्यमबाट सिकाउन सकिदैन तर केही विषयवस्तुहरू जो दृश्यमार्फत मात्र सिकाउन सकिन्छ । कनै शब्दलाई विभिन्न अर्थ, वर्णन, विश्लेषण र व्याख्या गरेर सिकान सकिदैन तर एउटै चित्रको आधारमा धेरै कुराहरू सिक्न र सिकाउन सकिन्छ । चित्रको रखाइबाट एकातिर सरल र सहज ढङ्गबाट भाषिक धारणा र अर्थबोध गराउन सकिन्छ भने अर्को तर्फ रोचक र प्रभावकारी ढङ्गबाट पाठ्यक्रममा अपेक्षित उद्देश्यलाई सफल बनाउन सकिन्छ ।

पाठको शीर्षक र विषयवस्तुलाई संक्षेपमा प्रस्तुत गर्ने कार्य पनि चित्रले गर्दछ । साना कक्षाहरूमा चित्रको जति महत्त्व हुन्छ ठुला कक्षामा त्यति हुँदैन । प्रारम्भिक तहमा राखिने चित्रहरू रङ्गिन, स्पष्ट, ठूला र वस्तुगत हुनुपर्दछ । चित्र केवल पाठ्यपुस्तकको सजावटका लागि मात्र प्रयोग नगरी विषयवस्तुको धारणा दिने किसिमको हुनुपर्दछ ।

प्रस्तुत पाठ्यपुस्तकमा चित्रको प्रयोग र सान्दर्भिकतामा उपयुक्तता नै देखिए तापनि केही चित्रहरू अझ अस्पष्ट छन यसलाई स्पष्ट र विषयवस्तुसँग सान्दर्भिक भएमा विद्यार्थीले राम्ररी बुझ्न सक्ने छ । विधागत रूपमा चित्रहरू भए तापनि अझ बढि र स्पष्ट भएमा विषयवस्तुलाई बुझ्न सजिलो हुने थियो । यस पाठ्यपुस्तकमा विधागत रूपमा कुनमा कस्तो चित्र छ र कस्तो हुनुपर्थ्यो भनि छोटकरीमा यहाँ चर्चा गरिएको छ :

### ४.२.१.५.१ कथा

यस पाठ्यपुस्तकमा जम्मा पाँच वटा कथा समावेश गरिएको छ । यस पाठ्यपुस्तकको प्रत्येक कथामा चित्र राखिएको भएतापनि सबै चित्र उपयुक्त छन भन्न सकिदैन । पाठ दुईमा रहेको धनको घमण्ड कथामा गणेश र कुबेरको चित्र उपयुक्त नै रहेको छ । त्यसैगरी पाठ पाँचमा रहेको नीमको पात कथामा विषयवस्तु र चित्रसँगको तादाम्य मेल नै खाएको छ । यस पाठमा पहिलो चित्रलाई केही ठुलो बनाएमा प्रभावकारी बन्नेछ । त्यसैगरी पाठ १२ मा रहेको बजालौरी डाङडुङ कथाको चित्रहरू विषयवस्तु अनुरूप नै समावेश गरिएको छ । यस पाठमा विषयवस्तु अनुसार चित्र केही थेरै नै राखिएको छ । अरु केही चित्रलाई समावेश गरिने हो भने विद्यार्थीलाई विषयवस्तु बुझ्न सहज हुनेछ । यसैगरी पाठ १७ मा रहेको पछुतो कथामा चित्र ३ वटा मात्र समावेश गरिएको छ जस पाठमा कमसेकम पाँच वटा चित्र राखिनु आवश्यक छ । त्यसैगरी पाठ २० मा सत्यकामको अठोट रहेको छ । यसमा चित्रको आकार केही ठूलो बनाउन आवश्यक देखिन्छ ।

### ४.२.१.५.२ कविता

यस पाठ्यपुस्तकमा जम्मा पाँच वटा कविता समावेश गरिएको छ । सबै कवितामा चित्रको प्रयोग विषयवस्तुअनुसार गरिएको छ । चित्रबाट विद्यार्थीलाई विषयवस्तु बुझ्न सहझ हुन्छ तर यहाँ पर्याप्त रूपमा चित्रको प्रयोग गरिएको छैन जस्तै पाठ एक'गाउँछ गीत नेपाली' कवितामा चित्रको प्रयोग त गरिएको छ तर सादा रूपमा स्पष्ट नै नबुझिने किसिमको रहेको छ । यस तहका विद्यार्थीले यो पाठको चित्र हेरेर केही पनि बुझ्न नसकने प्रकारको रहेको छ । यस्तो परिस्थितिमा यस्तो प्रकारका चित्रलाई स्पष्ट देखिने प्रकारको बनाउँनु आवश्यक रहेको छ । पाठ ४ मा रहेको चित्र भने फेरि स्पष्ट नै रहेको छ । त्यसैगरी पाठ १६ मा रहेको 'पाप लाग्छ' कवितमा चित्र र विषयवस्तुप्रति खासै मेल देखिदैन यो चित्र यहाँ राख्नुको कुनै औचित्य देखिदैन बरु यस विषयलाई सुहाउने प्रकारको अर्कै चित्र राखिनु पर्दछ ।

अन्य विधाहरूमा प्रयोग गरिएका चित्रहरू विषय वस्तु अनुसार उपयुत्त नै रहेको भएता पनि कतिपय ठाउँ वा पाठमा भने कम चित्र रेहेको पाइएको छ । पाठ ७ बिहेको निम्तो संवादमा भने चित्र कम भएको छ किनकी यस पाठको (पृ ३६) मा चित्रको प्रयोग नै

गरिएको छैन । त्यसैगरी (पृ ५५) रहेको खामको नुमना चिठीको खाम जस्तै देखिएको छैन सादा कोठामा मात्र पाउने र पठाउनेको नाम र ठेगाना रहेको छ त्यसलाई खाम जस्तै रङगिन खामको नम''ना राखिनु पर्छ ।

### ४.२.१.६ भूमिका तथा निर्देशन

भूमिका तथा निर्देशन पाठ्यपुस्तकको महत्त्वपूर्ण भाग हो । यसकै आधारमा पाठ्यपुस्तकको कुनै पनि पाठ कुन उद्देश्यका लागि शिक्षण गर्नु पर्छ भनी थाहा पाउन सकिन्छ । पाठ्यपुस्तकको सम्बन्धमा आवश्यक जानकारी तथा शिक्षकलाई पाठ्यपुस्तकको शिक्षण पद्धतिको संक्षेपमा जानकारी गर्ने कार्य यसले गर्दछ । पाठ्यपुस्तकमा दिइने भूमिका तथा निर्देशनले शिक्षकलाई शिक्षणमा सहयोग पुऱ्याउने स्पष्ट र व्यवहारिकहुनुपर्दछ ।

यस पाठ्यपुस्तकमा हाम्रो भनाइ भनेर नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्रले प्रस्तुत गरिएको छ । यसमा विद्यालय शिक्षालाई समसामयिक परिवेशअनुरूप सान्दर्भिक बनाउने उद्देशयले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन गर्ने कार्यलाई पाठ्यक्रम विकास केन्द्रले निरन्तरता दिँदै आएको छ । विद्यार्थीहरूमा राष्ट्र, राष्ट्रियता एकता र लोकतान्त्रिक संस्कृतिप्रति प्रतिबद्ध भई नैतिकता, अनुसाशन, स्वबलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवम् चारित्रिक गुणहरूको विकास गराउनु आवश्यक छ ।

यसरी पाठ्यपुस्तकको भूमिका र निर्देशनमा शिक्षकई शिक्षण क्रियाकलालपका लागि आवश्यक पर्ने निर्देशन दिइएको छ । यस खण्डमा पाठ्यपुस्तक निर्माण कार्यको उल्लेख, लेखक, सम्पादक, चित्र संयोजनको नामावली, सम्पादकद्वारा पुस्तकका सम्बन्धमा आवश्यक जानकारी र परिमार्जनका लागि सुझाबको आशा व्याक्त गरिएको छ । यसै खण्डमा शिक्षकहरूका लागि अध्यापन कार्य गर्न चाहिने आवश्यक निर्देशन उल्लेख गर्न सकेको भए राम्रो हुने थियो । शिक्षक निर्देशिका सुगम ठाउँमा उपलब्ध भए पनि दुर्गम ठाउँहरूमा नपुगेको उदाहरण धेरै भेटिएका छन् । सङ्क्षेपमा भन्दा भूमिका वा निर्देशनमा उल्लेख गरिएका विषयवस्तुलाई शिक्षण सिकाइमा प्रयोग गरिएमा पाठ्यक्रमको उद्देश्य परिपुर्तिमा हुने देखिन्छ ।

### ४.२.२ बाह्य वा भौतिक पक्ष

पाठ्यपुस्तकको अध्ययन गर्दा बाह्य पक्षलाई मुख्य मानिन्छ । यसमा पाठ्यपुस्तकको बाहिरी रूपमा देखिएको सम्पूर्ण पक्षको समग्र अध्ययन गरिन्छ । पाठ्यपुस्तकलाई रुचिकर, आकर्षक, प्रभावकारी एवम् टिकाउ बनाउने काम बाह्य पक्षले गर्दछ । पाठ्यपुस्तकको बाह्य पक्षले पुस्तकलाई रुचिपूर्ण, अध्ययनरतलाई आकर्षक तथा सुन्दरता प्रदान गर्ने काम गर्दछ । यसले पाठ्यपुस्तकको आकार वा सुन्दरता कस्तो छ र कस्तो बनाउने भन्ने विषयलाई समेटिएको हुन्छ । पाठ्यपुस्तकको बाह्य वा आन्तरिकमा निम्न पक्षको अध्ययन गरिन्छ :

### ४.२.२.१ आवरण पृष्ठ

आवरण पृष्ठ भन्नाले पाठ्यपुस्तकको बाह्य पृष्ठ भन्ने बुझिन्छ । आवरणले नै पाठ्यपपुस्तकलाई सुरक्षित गर्ने हुनाले यो बलियो र आकर्षक हुनुपर्छ । आवरणमा प्रयोग गरिएका कागज मोटो, बलियोर आकर्षक हुनु राम्रो मानिन्छ । पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा बाह्य पक्षलाई पनि ध्यान दिनुपर्दछ । ती बाह्य पक्षअन्तर्गत सर्वप्रथम आवरण पृष्ठको अध्ययन गरिन्छ । पाठ्पुस्तकलाई आकर्षक देखाउने र पुस्तकको सुरक्षा पनि आपरणले नै गर्दछ । आवरणमा प्रयोग गरिएको कागज बलियो र बाक्लो हुनुका साथै रङ्गीन र आकर्षक पनि हुनुपर्दछ । पाठ्यपुस्तकलाई आकर्षक देखाउने र भित्रीपक्षलाई सुरक्षागर्न कार्य यसैले गर्दछ । बाह्य आवरण हेरेर यो भाषापाठ्यपुस्तक हो भन्ने जनाउने खालका चित्रहरू राख्नुपर्दछ । आवरण पृष्ठ भित्री कागज जस्तै पातलो भएमा छिट्टै च्यातिने र भिज्ने डर हुन्छ । पाठ्यपुस्तक बलियो हुनुमा आवरणको महत्त्पूर्ण स्थान रहन्छ (शिवाकोटी २०६३ : ५३) ।

यस पाठ्यपुस्तकको आवरण पृष्ठ कमजोर रहेको छ । यसप्रकारको आवरणले यस स्तरका बालबालिकाका विद्यार्थीले पाठ्यपुस्तक एक शैक्षिक शत्र भरी पुऱ्याउन निकै कठिन रहेको पाइयो । यसलाई अझ कडा कागजको प्रयोग गर्दा उपयुक्त देखिन्छ । यस पाठ्यपुस्तकमा सबैभन्दा अगाडिको भागमा कक्षा **४** लेखिएको छ । त्यसपछि मेरो **नेपाली किताब** भनीठूला अक्षरमा लेखिएको छ । त्यसको मुनितिर गाउँघरको किसानी आफ्नो खेतबारीमा काम गर्दै गरेको देखाइएको । यो चित्रले नेपाली पहिचान र मौलिकता देखाए

तापनि पूरा एक शैक्षिक शत्र भरी देख्न नसकिने अवस्था छ । त्यसकारण यसको कागजको गुणस्तरीयता ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

यस पाठ्यपुस्तकको सबैभन्दा पछाडिको भागमा कक्षा ४ को कक्षागत गीत गीतकारः भूपाल राई र सङ्गीतकार प्रदीप बम्जनले रचना गरेको समावेश गरिएको छ । त्यसमुनि तिर नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र एवम् मुद्रक तथा वितरकको रूपमा हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि.विराटनगर, फोनः ०२१ ५२५२०८ रहेको छ । र, अन्त्यमा मूल्य रु ६२ रहेको छ ।

### ४.२.२.२ आकार

आकारगत दृष्टिकोणबाट हेर्दा कक्षा ४ को मेरो नेपाली किताबको लम्बाई २१ से.मि., चौडाई १५.८ र मोटाई ०.७ से.मि रहेको छ । पाठ्यपुस्तकमा ११६ पृष्ठहरू छन् । अक्षरको आकार १४ देखि १६ प्वान्टका बिचमा रहेको पाइन्छ । पाठ्यपुस्तक सामान्यत बालबालिबाहरूका लागि उपयुक्त देखिन्छ । सहजरूपमा बोक्न र हिडडुल गराउन सकिने किसिमको पाइन्छ । पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा पुस्तकको आकार पक्षलाई पनि ध्यान दिनु पर्दछ । आकारको दृष्टिले अन्य पुस्तक भन्दा भाषा पाठ्यपुस्तक अपेक्षाकृत ठूलो हुनु राम्रो मानिन्छ । ठूलो भन्नाले विद्यार्थीको झोलामा नअटाउने दुईहातले फिजाएर पढ्न नसक्ने हुनु हँदैन । बालबालिकाको उमेर, तह, र पाठ्यपुस्तकको आकार बिच तालमेल हुनुपर्दछ । विद्यार्थीको उमेर र तह अनुसार पाठ्यपुस्तकको आकार हुनु सान्दर्भिक मानिन्छ ।

यस सन्दर्भमा उक्त पाठ्यपुस्तकको आकार सामान्य रूपमा नै रहेको पाइए तापनि यसको आकारमा अलिकति ठूलो बनाउने हो भने अझ प्रभावकारी हुने थियो । जसकारणले विद्यार्थीलाई विषयवस्तु बुझ्न सहज हुने कुरा जानकारी पाउन सकिन्छ । यसको आकारमा बढाएर विषयवस्तु भन्दा पनि चित्र तथा भाषिक सिपगत अभ्यासहरू पनि थप गर्दा पाठ्यपुस्तक सान्दर्भिक हुनेछ । अध्ययनरत विद्यार्थीसमक्ष रुचिकर तथा प्रभावकारी बन्न सक्छ ।

### ४.२.२.३ छपाइ

पाठ्यपुस्कको छपाइ सफा, शुद्ध र स्पष्ट हुनुपर्दछ पाठ्यपुस्तकमा मसिको प्रपयोग सफा र सन्तुलित रूपमा प्रयोग भएको पाइन्छ । पङ्ति बिचको दुरी पनि उपयुक्त छ । पाठ्यपुस्तकमा कतिपय ठाउँहरूमा छपाइसम्बन्धी गल्तीहरू भए पनि मसिको सन्तुसलित वितरण अघिल्लो पानाको छपाइको छायाँ पछिल्लो पानामा नपर्ने जस्ता सबल पक्षहरू पनि पाइन्छन् । पाठ्यपुस्तकको अध्ययन गर्दा छपाइ पक्षलाई पनि ध्यान दिनु पर्दछ । पुस्तकमा छपाइसम्बन्धी गल्ती हुनु हुँदैन । शीर्षक, उपशीर्षकलाई ठूला अक्षरमा र अन्यलाई सामान्य आकारमा छपाइ गर्नुपर्दछ । साना कक्षामा दुवैतिर किनारा बढी छोड्नु उपयुक्त हुन्छ भने ठूला कक्षामा किनारा कम छोडे पनि सिलाइ र बँधाइ गर्दा अक्षर नछोप्ने गरी किनारा छाड्नु पर्छ । (ढुङ्गेल, २०५६: ६९)

छपाइमा मसीको प्रयोग गर्दा नउड्ने र नफुल्ने किसिमको हुनुपर्दछ । शब्द, पङ्क्ति तथा अनुच्छेदहरूका बीचमा दुरी शब्द र पङ्क्तिको रखाईमा एकरूपता चहकपना आदि कुराहरूलाई ख्याल गर्नुपर्दछ । यसरी उक्त पाठ्यपुस्तकमा छपाइ पक्ष धेरै नै कमजोर देखिएको छ । एक वर्षसम्म प्रयोग गर्दा नथाम्ने, छपाइहरू खुस्किने कमजोरीहरू आइरहेका छन् । मसिको प्रयोगमा पनि एकरूपता नदेखिएको कुनै ठाउँमा लतपत भएको पनि देखिन्छ । कुनै ठाउँमा कम मसि भएको र अक्षरहरू बुझ्न कठिन हुने खालका अक्षरहरू छन् । स्तर र क्षमताअनुसार अक्षरको आकार पनि सानो छ । पुस्तकको कागजको गुणस्तरमा कमजोर छ । यसलाई स्तरीय कागजको प्रयोग गरी एक वर्षसम्म राम्ररी टिक्न सक्ने प्रकारको हुनुपर्दछ ।

### ४.२.२.४ अक्षरको आकार

पाठ्यपुस्तकमा प्रयोग गरिएको अक्षरहरू विद्यार्थी स्तर अनुरूप हुनुपर्दछ । सामान्यतः साना उमेरका बालबालिकाकालागि उनीहरूको दृष्टि क्षमता सुहाउँदो हुने गरी ठुला अक्षरको उपयोग गर्नुपर्दछ भने क्त अक्षरको आकार साना कक्षामा क्रमशः घटाउँदै लैजानु पर्दछ ( अधिकारी र शर्मा, २०५६: २७) प्राथमिक तहमा अक्षरको आकार १,२,३ मा ६० प्वाइन्टको, २४-३६ प्वाइन्टर १६ प्वाइन्टको हुनुपर्दछ । कक्षा ४ र ५ मा १४ प्वाइन्टको अक्षर उपयुक्त मानिन्छ । शब्दको अन्तराल किनारा, छोडाइलाई पनि ख्याल गर्नुपर्दछ ।

उक्त पाठ्पुस्तकमा स्तर अनुसार अक्षर केही साना भएको हो कि भन्ने भएको छ । झट्ट हेर्दा देखिन कठिन हुने समस्या रहेको छ यसलाई अक्षरको एक प्वाइन्ट बढाउँदा प्रभावकारी हुने छ । दायाँ वायाँ छोडाइ ठीकै भए पनि अझ केही भाग छोडेमा राम्रो हुने छ । अक्षरको अन्तराल पनि केही बाक्लो भएको छ जसकारणले यस स्तरको विद्यार्थीले ध्यान दिएर हेर्न असहज भएको छ ।

### ४.२.२.५ कागज

पाठ्यपुस्तकको बाह्य विषेशताको रूपमा कागजको स्तरलाई पनि एक मुख्य रूपमा लिन सकिन्छ । पाठ्यपुस्तकको कागज चिल्लो सेतो र बाक्लो, एकापट्टिको छपाइ अर्को पट्टि नदेखिने किसिमको हुनुपर्दछ । राम्रो स्तरयुक्त कागजमा छपाइ पनि राम्रो प्रकारको हुनुपर्छ । पातलो, नराम्रो किसिमको कागनको प्रयोग गर्नु उपयुक्त मानिदैन किनभने एकापट्टीको अक्षर अर्को पानामा छापिएर स्पष्टसँग पढ्न सकिँदैन । त्यसैले कागजको स्तर उच्चकोटीको हुनुपर्दछ । घामपानी र शीतले असर नगर्ने कागज भएमा धेरै उपयोगी हुन्छ । स्तरीय कागजको प्रयोग गरिएमा धेरै समयसम्म टिक्न सक्दछ ।

उक्त पाठ्यपुस्तकको कागज अत्यन्त गुणस्तरहीन रहेको पाइन्छ जसले गर्दा टिकाउ, बलियो नहुने, छोटो समयमै च्यातिने जस्ता काम भएको पाइएको छ । यसकारण कागजको स्तरमा स्तरउन्नति गरी राम्रो प्रकारको, चिल्लो कागजको प्रयोग गरी टिकाउ र भरपर्दो पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । वर्तमान उक्त पाठ्यपुस्तक थेरै पानी, घाम भएमा काम नै नलाग्ले प्रकारको छ । सामान्य विद्यार्थीले एक शैक्षिक शत्र भरी पनि मुस्किलले थेग्ने किसिमको छ त्यसकारण यसको स्तरमा वृद्धि गरी शिक्षण सिकाइलाई प्रभाकारी बनाउनु आवश्यक छ ।

### ४.२.२.६ बँधाइ

पाठ्यपुस्तकको बाह्य विषेशताहरू मध्ये बँधाइ पनि एक मुख्य पक्ष हो । बालबालिकाहरूका लागि निर्माण गरिने पाठ्यपुस्तकको बँधाइ बलियो भरपर्दो हुनु पर्दछ । पाठ्यपुस्तकको पाना छिट्टै उक्किएर, छुट्टिएर जाने गरी कमजोर बँधाइ हुनुहुँदैन । बँधाइ गर्दा पानाहरू पल्टाएर सजिलैसँग पढ्न सक्ने हुनुपर्दछ । प्राथमिक तहका बालबालिकाहरू

किताबलाई सुरक्षागर्ने कुरामा ध्यान दिँदैनन् । उनीहरू किताबसँग खेल्ने, वरपर किताबलाई फ्याक्ने पनि गर्दछन् । पुस्तकमा पानाहरू सजिलै पल्टाउन सक्ने किसिमको बँधाइ गर्नुपर्दछ । पाठ्यपुस्तकमा बँधाइ गर्दा स्टेपपिनभन्दा धागोले सिउनु उपयुक्त हुन्छ ।

यस पाठ्यपुस्तकको बँधाइ पक्षलाई हेर्दा खासै बलियो र भरपर्दो देखिदैन । यस तह, स्तरका विद्यार्थीहरू किताबलाई जतन गर्नु पर्ने कुरामा खासै ध्यान दिदैनन् । त्यसकारणले गर्दा यो पाठ्यपुस्तक एक शैक्षिक शत्र पूरा गर्न सम्म टिक्न मुस्किल पर्ने प्रकारको देखिन्छ । त्यसैले यसको बँधाइलाई टिकाउ, भरपर्दो बालबालिकाले एक शैक्षिक शत्र भरीमा प्रयोग गर्दा पनि केही नहुने किसिमको बनाउनु पर्दछ । यसमा आवरण भाग सामान्य खालका गमले टासेको मात्र पाईयो यसलाई पनि राम्ररी सिलाएर काटी लगाई व्यावस्था गर्ने हो भने टिकाउ अवश्य हुने छ । त्यसैगरी पाठ्यपुस्तकको बाह्य पक्षमा रहेको बँधाइ पक्षलाई हेर्दा यस किताबमा कागजको गुणस्तरहीन रहेको पाइयो यसलाई राम्रो र गुणस्तरिय कागजको प्रयोग गर्दा उपयुक्त हुन्छ ।

### ४.२.२.७ मूल्य

पाठ्पुस्तकको अध्ययन विश्लेषण गर्दा यसको मूल्य पक्षलाई पनि ध्यान दिनुपर्दछ । हाम्रो जस्तो मुलुकमा पुस्तकको मूल्य चर्को भएमा सर्वसाधरण अभिभावकले आफ्ना बालबालिकाहरूलाई सबैले पुस्तक किनेर पढाउन सक्दैनन् (शिवाकोटी २०६३ : ५४) । पाठ्यपुस्तक नाफा कमाउने पक्षलाई ख्याल नरी न्यूनतम मूल्यमा किन्न सक्ने किसिमको तोकिनुपर्दछ । पाठ्यपुस्तकलाई सबैले प्रयोग गर्ने मूल्य निर्धारण गर्नुपर्दछ ।

यस पाठ्यपुस्तकको मूल्य रु ६२ रहेको छ । नेपाली जीवन स्तरलाई हेर्ने हो भने उक्त मूल्य सान्दर्भिक नै छ तर मूल्य कम राखेर गुणस्तरमा कमसल राखेको हो जस्तो देखियो यदि त्यसो हो भने बरु मूल्यलाई कही रूपैयाँ बढाएर भए पनि गुणस्तर वा टिकाउपना बनाउने हो भने चिरस्थायी हुने छ ।

### ४.२.२.८ सुलभता

पाठ्यपुस्तक निर्माण गरी सकेपछि सबै ठाउँमा सर्बसुलभ ढङ्गले प्राप्त गर्न सक्ने हुनुपर्दछ । सहरी क्षेत्रमा सजिलै उपलब्ध हुने र दुर्गम क्षेत्रमा पुस्तक उपलब्ध हुननसक्ने

हुनुहुँदैन शैक्षिक शत्र शुरु भएको धेरै समयसम्म पनि पाठ्यपुस्तक नपुग्ने, लामो बाटो धाएर किन जानुपर्ने भएमा अभिभावक र बालबालिकाहरूमा नै पढाइप्रति नकारात्मक प्रभाव पर्न जाने हुन्छ (ढकाल : २६७) । त्यसैले पाठ्यपुस्तक जुनसुकै ठाउँमा पनि उपलब्ध हुनु आवश्यक देखिन्छ ।

वर्तमान समयमा हाम्रो देशमा सबै भन्दा समस्याको रूपमा देखापरेका कुरा भनेकै सुलभता हो । भौगोलिक विकटता एवम् राजनैतिक अस्थिरताका कारण समयमा पाठ्यपुस्तक विद्यालयमा पर्याप्त नहुनु । भौगोलिक सुगमता भएको ठाउँमा समयमै पाठ्यपुस्तक पुगे तापनि दुर्गम ठाउँमा भने शैक्षिक शत्रको आधा पुग्दामात्रै पाठ्यपुस्तक उपलब्ध हुने तितो वास्तविकता रहदै आइरहेको छ । नेपाल जस्तो अल्पविकसित देशमा जहाँ पाठ्यपुस्तक कै साहारामा शिक्षण कार्याकलाप सञ्चालन हुन्छ त्यस्तो देशमा यस्तो विकराल समस्या उत्पन्न हुनु भनेको शैक्षिक गुणस्तरमा कमि आउनु हो । यस कारण विषेश व्यावस्था गरेर भए पनि पाठ्यपुस्तक समयमा नै विद्यालयमा पुर्याउनु अति आवश्यक छ ।

### ४.२.२.९ **विषयसूचि**

विषयसूचि पाठ्यपुस्तकको अगाडि राखिन्छ । विषयसूचि हेरेर कुनपाठ कति पृष्ठमा छ कुन पाठ कहाँ छ भनी थाहा हुन्छ । सूचीमा विधा लेखक तथा रचनाकार एवम् पृष्ठ सङ्ख्या स्पष्ट खुलाएको हुनुपर्दछ । उक्त पाठ्यपुस्तकमा कथा, कविता, प्रबन्ध, संवाद, चिठी, निवेदन गरी जम्मा २१ वटा पाठहरू समावेश छन् र जम्मा १११ पृष्ठ रहेको छ । विषयसूचीलाई विधागत रूपमा हर्न पनि सकिन्छ जुन यस प्रकारका छन् :

#### ४.२.२.९.१ **कथा**

यस पाठ्यपुस्तकमा कथा विधाअन्तर्गत धनको घमन्ड, नीमको पात, दाजु र बुढाबा, बजा लौरी डाङडुङ, पछुतो, सत्य कामको अठोट समावेश गरिएको । उक्त कथाहरू विद्यार्थीको रुचि स्तर र क्षमता अनुसार नै भएतपनि कति पय कथा जस्तै 'निमको पात' कथा लामा र कठिन भएको पाइयो जस्तै एक 'जना राजकुमार ज्यादै उद्धण्ड र घमण्डि थिए पृष्ठ : १९' । यसलाई अलि सरल र सहज भाषाशैलीमा प्रस्तत गरिने हो भने प्रभावकारी

बन्ने थियो । कथामा दिएको शब्दहरू पनि केही कठिन भएको पनि पाइयो यसलाई सहज, सरल भाषाशैलीमा प्रस्तुत गर्दा अझ प्रभावकारी बन्ने छ ।

### ४.२.२.९.२ कविता

यस पाठ्पुस्तकमा कविता विधाअन्तर्गत गाउँछ गीत नेपाली, नौलाख तारा, आमा र लक्ष्य कविताहरू समावेश गरिएको छ । यस कविताहरूमा कतिपयि कविता विद्यार्थीको स्तर, क्षमता अनुकुल नभएको पनि पाइयो जस्तै गाउँछ गीत नेपाली कविताका भाषाशैली कठिन र अप्ठ्यारैं भएको पाइयो जस कारणले सिकाइमा कठिन आउने देखिन्छ ।

### ४.२.२.९.३ चिठी, निवेदन

यस पाठ्यपुस्तकमा चिठी र निवेदन अन्तर्गत बुवाको चिठी र प्रधानाध्यापकलाई निवेदन समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा चिठी र निवेदनको रूपमा राखिएको पाठहरूमा विद्यार्थीको स्तर, क्षमता र आवश्यकता अनुसार उपयुक्त नै रहेको छ । चिठीमा चाहिँ विद्यार्थीको स्तर क्षमता भन्दा केही उच्च भाषा शैली रहेको भन्ने पनि पाईयो यहाँ भाषा का साथै शैलीलाई पनि त्यतिकै ध्यान दिनुपर्ने हुनाले सामान्य प्रकारको भाषाशैली प्रयोग भएमा सान्दर्भिक हुनेछ ।

### ४.२.२.९.४ प्रबन्ध

उक्त पाठ्पुस्तकमा प्रबन्धअन्तर्गत बचत गर्ने बानी, बागमती नदी, स्वास्थ बनौं, नरेशको यात्रा, बालबालिकाको अधिकार र आधुनिक सञ्चार समावेश छन् । यहाँ सबै पाठहरू रुचिकर र स्तरअनुसार नै भए तापनि केही जस्तै आधुनिक सञ्चार पाठ विद्यार्थी अनुकुल छैन यसमा भाषाशैली कठिन रहेको छ । विषयवस्तु पनि कठिन प्रकारको रहेको छ यसलाई सरल सहज तरिकाले प्रस्तुत गर्न अपरिहार्य रहेको छ ।

### ४.२.२.९.५ संवाद

यस पाठ्यपुस्तकमा जम्मा दुई वटा संवादलाई समावेश गरिएको छ । उक्त संवादमा पाठ ७ मा बिहेको निम्तो र पाठ १४ मा पशुपन्छी र हाम्रो कर्तव्यलाई समावेश गरिएको छ । यसमा एउटा संवाद सामाजिक परिवेशको भएता पनि अर्को संवालाई नयाँ प्रविधिको

विषयवस्तुसँग जोडिएर तयार बनाउने हो भने समसामयिक विषयसँग पनि विद्यार्थी परिचित हुने थियो ।

## ४.३ भाषिक सिपका आधारमा पाठ्यपुस्तकको अध्ययन

भाषापाठ्यपुस्तकले भाषिक सिपमा दक्ष बनाउने उद्देश्य लिएको हुन्छ । भाषापाठ्यपुस्तक भाषिक सिपसिपमा दक्ष बनाउने उद्देश्य परिपूर्ति गर्ने किसिमको विषयवस्तु समावेश गरी निर्माण भएको हुनुपर्दछ । पाठ्यपुस्तकको मूख्य गरी भाषाका चार सिप सुनाइ, बोलाइ, लेखाइ, पढाइ सिप विकास गराउनु हो । उक्त पाठ्यपुस्तकमा सुनाइ सिपका निम्ति अभ्यासहरू, विषयवस्तु राखिए तापनि पर्याप्त भने छनन् । बोलाइ सिप विकासका लागि पाठलाई सस्वरवाचन गरी सिप विकास गराउने अभ्यास राखिएको छ । लेखाइ सिप विकासका लागि अभ्यासहरू त राखिएको छ अझ हस्तलेखन गरी सिप विकास गराउन आवश्यक देखिएको छ ।

भाषिक सिकाइले गर्दा विद्यार्थी दैनिक व्यवहारमा परिवर्तन ल्याइ समस्याको समाधान गर्न सहज हुन्छ । यस पाठ्यपुस्तकमा भाषिक सिप विकास गराउने प्रयास गरिए तापनि उपयुक्त अभ्यासहरू भने समावेश गरिएको छैन । कुन सिप कतिवेला गर्ने गराउने भन्ने उपयुक्त मार्गदर्शन नै स्पष्ट राखिएको छैन । भाषिक सिपका उद्देश्यहरू पूरा गर्ने पाठ्यपुस्तक तयार भएको छ वा छैन भनी अध्ययन गरिन्छ । उक्त पाठ्यपुस्तकमा भाषिक सिप विकास कसरी गर्न सकिने कुरालाई यहाँ निम्नानुसार देखाउन सकिन्छ :

### ४.३.१ सुनाइ

कुनै व्याक्तिले बोलेको वा पाठ्यसामग्रीलाई मौखिक रूपमा प्रस्तुत गरेको (सस्वर वाचन गरेको) सुनेर बुझ्नुलाई सुनाइ भनिन्छ । कुनै पनि सामग्रीलाई सुनेर समस्या समाधान गर्न सक्ने वा दैनिक व्यवहारमा परिवर्तन आउछ भने त्यो मात्र खास गरेर सुनाइ हुन्छ । यसमा मौखिक भाषा सुन्नु र त्यसमा व्यक्त भएका विचार एवम् भावलाई ग्रहण गर्नु आवश्यक हुन्छ । (अधिकारी र शर्मा: २०५६: ३)

सुनाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धि र पाठका अभ्भासहरू

क) परिचित वातावरणमा अरुले बोलेका कुराहरू सुनेर व्यक्त गर्न,

ख) सामान्य र आशयगत अर्थको भिन्नता सुनेर छुट्याउन,

ग) अैपरिचित वातावरणमा हुने कुराकानीहरू सुनेर व्यक्त गर्न,

घ) कुनै काम गर्न क्रमिकरूपमा दिएका निर्देशनहरू सुनेर पालन गर्न,

आधारभुत तहको नेपाली पाठ्यक्रममा सुनाइ सिप अन्तर्गत ४ वटा उद्देश्य राखेको पाइन्छ । यसैअनुरूप पाठ्यपुस्तकमा कथा, कविता, प्रबन्ध/लेख, संवाद/रूपक र चिठी विधाहरू समावेश गरिएका छन् । यी विधाका विभिन्न पाठहरूले पाठ्यक्रमका सुनाइ सिपसम्बन्धी उद्देश्य परिपूर्ति गर्न सहायक देखिन्छन् । पाठहरूमा राखिएका नम"ना अभ्यासहरू कमै मात्रामा सुनाइ सिपसँग सम्बन्धित छन् । यस पाठ्यपुस्तकमा सुनाइसँग सम्बन्धित नमुना अभ्यासहरूमा पाठ तीनको अभ्यास १ (पृष्ठ) १२ मा सुन र भन राखिएको छ । त्यसैगरी पाठ ४ को अभ्यास १ मा शिक्षकले 'नौलाख तारा' लयमा गाएको सुन र त्यसैअनुसार गाएर साथीलाई पनि सुनाऊ, पाठ पाचको अभ्यास ११ (पृष्ठ) मा कथा पढ र भनाइलाई क्रम मिलाई राख भनिएको छ । त्यसैगरी पाठ ६ को अभ्यास १ (पृष्ठ) मा तलका शब्दहरू सुन र भन सोही पृष्ठमा कथाका आधारमा तलका प्रश्नको उत्तर लेख भनी सुनाइ सम्बन्धी विविध प्रकारको अभ्यासहरू समावेश गरिएको छ ।

यी अभ्यासहरूलाई हेर्दा सुनाइ सिपसँग भन्दा पढाइ र लेखाइ सिपसँग बढी सम्बन्धित देखिन्छ । यी अभ्यासमा पाठ्यक्रमले निर्दिष्ट गरेका परिचित वातावरणमा अरुले बोलेका कुराहरू सुनेर व्यक्त गर्न, अपरिचित वातावरणमा हुने कुराकारीहरू सुनेर व्यक्त गर्न, जस्ता कार्यकलापहरू पाठमा समावेश गरिएका छैनन् । यी बाहेक सुनाइ शिक्षणका कार्यकलापहरू ध्यनि परिचान, श्रुतिविभेदीकरणअन्तर्गत वर्णविभेदीकरण, वाक्यविभेदीकरण, सुन र गर, अनुप्रास मिलाउने, श्रुतिबोध, कथा सुनाउने श्रुतिरचनाजस्ता कार्यकलापहरूका अभ्यास पनि पर्याप्त मात्रामा समावेश गरिएका छैनन् ।

यी सुनाइ शिक्षणका कार्यकलापहरूलाई पाठमा समावेश गरेर सुनाइ सिपका माध्यमबाट भाषाका अन्य सिपहरूको पनि विकास गर्न सकिन्छ । सुनाइ शिक्षणका केही कार्यकलापलाई नम''नाको रूपमा मात्रै लिएको पाइन्छ । पाठ्यक्रममा सुनाइ सिपका लागि २० प्रतिशत समय निर्धारण गरिएको भए पनि पाठहरूमा राखिएका अभ्यासहरू समयको आधारमा पर्याप्त छैनन् । यसरी नै सुनाइ सिपका लागि पाठ्यक्रले राखेका सबै उद्देश्य पूरा हुन सक्ने देखिँदैन । पाठ्यक्रमको अपेक्षाअनुसारको सुनाइ सिप आर्जन गर्न सक्ने अभ्यासहरू पाठ्यपुस्तकमा राखिएको पाइँदैन ।

## ४.३.२ बोलाइ

सुनाइ र बोलाइ भाषाका मौखिक पक्ष हुन् । जब बालकले सुनाइको केही अनुभव प्राप्त गरेको हुन्छ तब ऊ बोलाइतिर प्रवृत हुन सक्छ । सुनाइ भाषाको पहिलो चरण हो भने बोलाइ दास्रो चरण हो (अधिकारी र शर्मा २०४५: ५५) ।

भाषाका चार सिपहरूमा सर्वप्रथम बालकले सुनेर केही व्यक्त गर्न खोज्दछ, त्यही नै बोलाइ हो । बोलाइ सिपमा सक्षम भएपछि मात्रै पढाइ र लेखाइ सिपको विकास हुन्छ ।

पाठ्यक्रमले राखेको बोलाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धिहरू :

क) बिच बिचमा  नरोकिइ स्वाभाविकरूपले बोल्न, पढ्न,

ख) गति, यति र लय मिलाई वाचन गर्न,

ग) परिचित र अपरिचित चित्र, वस्तु र वातावरणको आधारमा प्रश्नोत्तर, छलफल र मौखिक वर्णन गर्न,

घ) सजिला उखान टुक्काहरूको प्रयोग गरी बोल्न,

ङ) अभिवादन, आभार र क्षमा व्यक्त गरी नम्ररूपले बोल्न,

पाठ्यक्रममा बोलाइ सिपअन्तर्गत ५ वटा उद्देश्यहरू राखिएका छन् । यी उद्देश्य परिपूर्ति पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरू समावेश भएका छन् । बोलाइ सिपसँग सम्बन्धित

अभ्यासहरूमा पाठ्यक्रमले राखेको बीच बिचमा नरोकिई स्वाभाविक रूपले बोल्न भन्ने उद्देश्य परिपूर्तिका लागि बोलाइ सिप विकाससँग सम्बन्धित अभ्यासहरूमा पाठ एकको अभ्यास २ (पृष्ठ)ल २ मा तलका वाक्य स्पष्टसँग उच्चारण गर भनी राखिएको छ । त्यसैगरी पाठ दुईको अभ्यास ३ (पृष्ठ) मा धनको घमण्ड कथा पालैपालो पढेर सुनाऊ र सोही पृष्ठमा कथाका आधारमा दिइएको प्रश्नको उत्तर भनभनी प्रश्नहरू दिइएको छ । त्यसैगरी पाठ तीनको अभ्यास ३ (पृष्ठ १२) मा तलका अंश शुद्धसँग पढेर कक्षामा सुनाऊ भनी यस पाठ्यपुस्तकमा बोलाइ सिप विकाससम्बन्धी विविध अभ्यासहरू राखिएको छ ।

गति, यति र लय मिलाई वाचन गर्न भनी राखिएको उद्देश्यअनुरूप अभ्यासहरू राखिएको पाइँदैन । कक्षा ४ मा पढ्ने विद्यार्थीले कवितालाई लयबद्धवाचन गर्न सक्दछन् र यस किसिमका अभ्यास राख्नु रुचिकर आधारमा पनि आवश्यक हन्छ । पाठ्यक्रमको यो उद्देश्य परिपूर्ति हुन सक्ने देखिदैन ।

बोलाइ सिपअन्तर्गत अर्को उद्देश्य परिचित र अपरिाचित चित्र, वस्तु र वातावरणको आधारमा प्रश्नोत्तर छलफल र मौखिक वर्णन गर्न, भनी राखेका पाइन्छ । यसका निम्ति पनि यस पाठ्यपुस्तकमा विविध प्रकारका अभ्यासहरू समावेश गरी विद्यार्थीलाई अभ्यस्त बनाउने प्रयास गरिएको छ ।

## ४.३.३ पढाइ

व्यक्तिको साक्षरताको पहिलो खुड्किलो खेख्यभाषा पढ्न जान्नु हो । पढ्न जानेमा उसले आफ्नो सुविधाअनुसार ज्ञानार्जन गर्ने एउटा अर्को महत्त्वपूर्ण माध्यम प्राप्त गर्दछ । बालकले लेख्य भाषा पढ्न जान्नु भनेको उसले ज्ञानको अर्को ज्योतिको ढोका खोल्नु हो ( अधिकारी र शर्मा २०५६: ६८) ।

यस तहमा समावेश भएका पाठ्यक्रमले राखेको पठाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धिहरू :

क) पठनबोध गरी  दिएको निर्देशन पढ्न,

ख) हस्तलिपि  सामगी प्रष्टसँग पढ्न (बील, भौचर र भर्पाई)

ग) बालसाहित्यहरू मौनरूपमा पढ्न,

पाठ्यक्रमले पढाइ सिपसम्बन्धी ३ वटा उद्देश्यहरू राखेको पाइन्छ । पाठ्यपुस्तकमा पाढाइ सिप विकास गराउने किसिमका अभ्यासहरू राखिएका छन् । पाठ्यपुस्तकमा राखिएका पढाइअन्तर्गत विभिन्न अभ्यासहरू पाठ्पुस्तकका विभिन्न विधाका प्रत्येक पाठपछि प्रथम अभ्यासकारूपमा 'शब्दको अर्थ र पढ र बुझ' भनी अभ्यास राखिएको छ । उदाहरणका लागि सम्बन्धित पाठहरूलाई पालैपालो कक्षामा पढेर सुनाऊ भनिएको छ । त्यसैगरी शिक्षकले बताएको शब्दहरू सुनेर त्यसैअनुसार पढेर सुनाऊ, पाठ ७ पृष्ठ ४० मा रहेको अभ्यास १४ मा तिमीले बनाएको माथिको कुराकानी पढेर कक्षामा सुनाऊ जस्ता अभ्यासहरू यस पाठ्यपुस्तकमा समावेश गरिएको छ जसकारणले विद्यार्थीको पढाइ सिप विकास गर्नका लागि हो ।

## ४.३.४ लेखाइ

आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपिचिन्हको प्रयोगद्वारा सिलसीला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइबाट व्यक्त भएका भाषामा ध्वनिको सट्टा लिपि चिन्हहरूको प्रयोग गरिन्छ (अधिकारी र शर्मा, २०५६: ४)

लेखाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धिहरू

क) बान्की मिलाएर ठीक दुरीमा वाक्यहरू लेख्न,

ख) अपरिचित शब्द र छोटा वाक्यहरू श्रुतिलेख गर्न,

ग) निर्देशन अनुसार सरल रचनाहरू -कक्षा शिक्षक र प्र. अ. लाई निवेदन र प्रबन्ध लेख्न,

पाठ्यक्रममा लेखाइ सिप विकासका लागि ३ वटा उद्देश्यहरू राखेका पाइन्छ । लेखाइ विकासका लागि आवश्यक विधाहरूमा प्रबन्ध, चिठी, कथा, कविता आदि पर्दछन् । कक्षा ४ को मेरो नेपाली किताबमा यी विधाअन्तर्गत विभिन्न पाठहरूम समावेश गरेको पाइन्छ यी पाठको माध्यमबाट लेखाइ सिप विकास गर्न सकिन्छ । लेखाइ सिप विकासका लागि अनुच्छेद लेखनसम्बन्धी अभ्यासहरूमा अभ्यास ९ (पृष्ठ १४) मा तलका अनुच्छेद

शुद्धसँग सोर शिक्षकलाई देखाऊ, पाठ ५ निमको पात को अभ्यास १२ (पृष्ठ २४) मा तिमीले जानेको एउटा कथा लेखी कक्षामा सुनाउ । त्यस्तै पाठ ६ को अभ्यास ९ (पृष्ठ ३०) मा तलका शब्दका आधारमा तिम्रो घर नजिकको नदि वा खोलाका बारेमा वर्णन गर :भनी समावेश गरिएको छ । त्यसैगरी पाठ ९ को अभ्यास १६ (पृष्ठ ४०) मा माथिका निमन्त्रणा पत्र हेरी तिम्रो दाजु, दिदी वा गाउँका कसैका विवाहका लागि निमन्त्रणा पत्र तयार पार, पाठ ८ को अभ्यास १३ (पृष्ठ ४८) मा यदि तिमीले रु २५००० को पुरस्कार पायौ भने त्यो रकम तिमी कुन कुन काममा कसरी सदुपयोग गर्छौ, लेखेर देखाउ । त्यसै गरी अभ्यास ७ (पृष्ठ ५६) मा आफ्नो विद्यालयको वर्णन गरेर तिम्रो साथीलाई चिठी लेख । अभ्यास १२ (पृष्ठ ६०) मा बाबुको महिमाको बारेमा पाँच वाक्यमा लेख । अभ्यास ८ (पृष्ठ ७१) मा तिम्रो मामाघर अथवा अन्त कतै जाँदा कस्तो अनुभप भयो, लेख । अभ्यास १२ (पृष्ठ ७७) मा गाउँघरमा मानिसले पशुलाई माया नगरी कुटपिट गरेको देखिन्छ । त्यसरी कुटपिट गर्ने मानिसलाई पशुलाई माया गर्नुपर्छ भनी सम्झउनुपरे तिमी के के सल्लाह दिन्छौ, पाँच वाक्यमा लेख । अभ्यास ६ (पृष्ठ ७९) मा घरमा विवाह परी आउन नसकेको कारण जनाई आफ्ना प्रधानाध्यापकलाई निवेदन लेख । अभ्यास ६ (पृष्ठ ९२) मा शिक्षकबाट तलका अनुच्छेद सुन र लेख : अभ्यास १२ (पृष्ठ ११६) मा सञ्चारको कुनै एक साधनका बारेमा तिमीले जानेका पाँच वाक्य लेख भनी अभ्यास राखिएको छ । यी अभ्यासबाट सृजनात्मक र सफा छाटो अनुच्छेद लेखन सिपको विकास हुने देखिन्छ ।

बान्की मिलाएर ठीक दुरीमा वाक्यहरू लेख्न सक्ने उद्देश्य परिपूर्तिका लागि अनुच्छेद लेखन अभ्यासले पनि मद्दत पुऱ्याउछ । साथै अन्य अभ्यासहरूमा अभ्यास ११ (पृष्ठ ९) मा उदाहरण हेरी वाक्य बदल, अभ्यास १० (पृष्ठ १४) मा उदाहरण हेरी तलका वाक्यको ढाँचा परिवर्तन गर, अभ्यास ७ (पृष्ठ २३) मा तालिकाबाट वाक्य बनाऊ, अभ्यास ११ (पृष्ठ २४) मा कथा पढ र भनाइलाई कम मिलाई लेख, अभ्यास १५ (पृष्ठ २५) मा उदाहरणमा दिइए जस्तै वाक्यहरूको ढाँचा परिवर्ततन गरः भनी पाठ्यपुस्तकमा यससँग सम्बन्धित विविध अभ्यासहरू दिइएको छ । यसरी विद्यार्थीको लेखाइ सिप विकास गराउनका लागि विविध प्रकारका अभ्यासहरू समावेश गरी लेखाइ सिप विकास गराउने प्रयास गरिएको छ ।

# अध्याय पाँच : निष्कर्ष तथा सुझाव

## ५. निष्कर्ष तथा सुझाव

प्रस्तुत शोधपत्रमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्र (२०४९ तथा संस्करण २०७४) द्धारा प्रकाशित कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा अध्ययन गरिएको छ । यो किताब सरकारी विद्यालयमा अनिवार्यरूपमा समावेश गरिएको छ । उक्त पाठ्यपुस्तक आन्तरिक र बाह्य विषेशताका आधारमा कस्तो प्रकारको छ ? पाठ्यपुस्तकमा के कस्ता कमीकमजोरी रहेको छ ? भनी यस शोधकार्यमा अध्ययन गरिएको छ ।

यहाँ सम्पूर्ण पाठ्यपुस्तकको अध्ययन विश्लेषण भने गरिएको छैन । अध्ययनबाट विविध पक्ष जस्तै विद्यार्थी, शिक्षक, अनुसन्धान कर्ता, विशेषज्ञ, नीति निर्माण कर्ता, पाठ्यपुस्तक निर्माण कर्ता, समकालिन समाज र पाठ्यक्रम निर्माण कर्तालाई पनि पाठ्यपुस्तक आन्तरिक र बाह्य रूपमा कस्तो हुनुपर्दछ भन्ने कुरा देखाउने प्रयास गरिएको छ । कस्तो पाठ्यपुस्तकले चाँहि समसामयिक कुराको प्रतिनिधि गर्न सक्छ र विद्याथर्थी इच्छा आकाङ्क्षाको प्रतिनिधि गरी प्रभावकारी बनाउन सक्छ भन्ने कुराको जानकारी गराउछ । कुनै पनि भाषा पाठ्यपुस्तक आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन गरिनु अतयन्त जटिल कुरा हो ।

यसमा पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशता के के हुन सो अनुसार पाठ्यपुस्तक कस्तो हुनुपर्दछ भनी अध्ययन तथा शोधकार्य गर्न प्रयास गरिएको छ । यस भन्दा अगाडिको अध्यायहरूमा विविध पक्षको अध्ययन विश्लेषण भइसकेकाले यस अध्यायमा निम्न बमोजिन निष्कर्ष तथा सुझाबहरू दिने प्रयास गरिएको छ ।

### ५.१.१ निष्कर्ष

यस शोधपत्रको मुख्य निष्कर्षलाई निम्नअनुसार देखाइएको छ :

१) प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुसार निर्माण गर्ने प्रयास गरिएको छ । यसमा घररिवार, समकालिन समाज, चाडपर्व उत्सव, खेलकुद, हँस्यौली चुट्किला, गाउँखाने कथाजस्ता क्षेत्रलाई चित्त बुभ्दोरूपमा प्रस्तुत गरिएको छैन ।

२) पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरू बढी सैद्धान्तिक नै रहेको छ, यसलाई व्यवहारिकबनाउन आवश्यक देखिन्छ । यसले परम्परा, संस्कृतिलाई मात्र सम्बोधन गरेको छ यस्तो अवस्थामा समसामयिक बनाउन आवश्यक रहेको छ ।

३) पाठ्यपुस्तकको बाह्य विषेशतामा रहेको आवरण पृष्ठको गुणस्तरमा कमजोर रहेको देखिन्छ । यस प्रकारको गुणस्तरले उक्त तहका विद्यार्थीलाई पाठ्यपुस्तक टिकाउनै मुस्किल परेको छ ।

४) पाठपछि राखिएको नम''ना अभ्यासहरूको समानुपातिक वितरण नभई  कतै धेरै त कतै कम रहेको पाइयो ।

५) पाठ्यक्रममा बाल साहित्यहरू मौनरूपमा पठ्न सक्ने बनाउने उद्देश्य राखिएको छ तर पाठ्यपुस्तकमा बालसाहित्य पठ्ने भभ्यास राखिएको पाइँदैन ।

६) पाठ्यपुस्तकमा विधाको प्रस्तुतिमा कविता विधा विद्यार्थीको स्तर र क्षमतानुसार कुनै कविता कठीन रहेको पाइन्छ ।

७) पाठ्यक्रममा बालशब्दकोशको प्रयोग गर्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा बालशब्दकोश प्रयोगसम्बन्धी अभ्यास, उदाहरण राखिएको छैन ।

८) पाठ्यपुस्तकमा कथा रोचक समसामयिक भन्दा पनि लामा र संस्कृति झल्काउने प्रकारको मात्र रहेको छ ।

९) पाठ्यक्रममा अपरिचित शब्द र छोटा वाक्यहरू श्रुतिलेखन गर्न सक्ने उद्देश्य रहेको पाइन्छ तर पाठ्यपुस्तकमा कमै मात्रमा श्रुतिलेखनसम्बन्धी अभ्यास राखिएको छ ।

१०) उक्त कक्षा ४ को मेरो नेपाली किताबको आकारका दृष्टिकोणबाट हेर्दा उपयुक्त देखिन्छ आवरण पृष्ट रङ्गीन भए पनि आकर्षक र टिकाउ छैन । कागज सफ सेतो नभई हल्का पहेको गाडा रहेको छ । कागज टिकाउ किसिमको छैन ।

११) भाषातत्त्वअन्तर्गत पाठहरूपछि राखिएका अभ्यास सामान्य नियम, उदाहरण पाठ्यक्रमअनुरूप नै रासखएका छन् यस्ता अभ्यासहरूको सङ्ख्या थप गरेमा पाठ्यपुस्तक उपयोगी बन्न सक्छ ।

१२) भाषिक सिपका लागि पाठ्यपुस्तकको अभ्यासमा एकरूपता छैन त्यसलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई एकरूपतामा समावेश गर्दा प्रभावकारी बन्छ ।

१३) पाठ्यपुस्तकमा छपाइसम्बन्धी केही त्रुटि भए पनि मसिको प्रयोग उपयुक्त भएको पाइदैन किनकी कतै मसि लतपतिएको त कतै मसि धेरै प्रयोग भएर अक्षरहरू नबुभिने समस्या रहेको छ ।

१४) यस पाठ्पुस्तकको मूल्य रु ६२ राखिएको छ । मूल्यको दृष्टिबाट उक्त किताब उपयुक्त नै छ तर मूल्य कम राखेर गुणस्तरमा कम ल्याएको भने त्यो निकार्थ गल्ती हो । त्यसलाई बरु कही मूल्यबृद्धि गरेर गुणस्तरीय किताब निर्माण गर्नु पर्ने देखिन्छ ।

१५) पाठ्यपुस्तकको पाठको अन्त्यमा रहेको अभ्यासहरू सिकाइका लागि प्रभावकारी देखिदैन । क्रमबद्धरूपमा मिलेको छैन ।

१६) पाठमा रहेको चित्रहरू विषयवस्तुसँग मिलेको नै रहे तापनि स्पष्टसँग बुभ्ने प्रकारको भने छैन । कुनै पाठमा थेरै रहेको छ भने कुनै पाठका चित्रहरू सानो रहेको छ कुनै पाठका चित्रहरू भने नबुभ्फिने प्रकारका राखिएको छ ।

१७) विद्यार्थीको स्तर र क्षमतानुसार पाठ्यपुस्तक कमजोर रहेको छ ।

१८) पाठ्यपुस्तकमा भाषिक सिपका लागि राखिएको नम”ना अभ्यासहरू पनि एकरूपता छैन जहा पायो त्यही राखिएको छ ।

१९) नमुना अभ्यासमा लेखाइ सिपलाई मात्र पढी मात्रामा समावेश गरिएको छ ।

२०) पाठ्यपुस्तकको पाठहरूमा नयाँ शब्द राखिएको छ तर त्यस शब्दको अर्थ भने राखिएको छैन ।

२१) पाठ्यपुस्तकमा समावेश गरिएको व्यावहारिकसिप विकास गर्नका लागि कम मात्र अभ्यास समावेश गरिएको छ ।

## ५.१.२ सुझावहरू

उक्त पाठ्यपुस्तक कस्तो बनाउदा चाहिँ पाठ्यक्रमअनुसार निर्माण गर्न सकिन्छ अथवा यो बदलिँदो समयमा प्रतिस्पर्धी जनशक्ति तयार बनाउँन सकिन्छ भन्ने कुराको मार्गदर्शन गराउने काम गर्दछ । पाठ्यपुस्तक कस्तो हुदाँ चाहिँ व्यवहारिकर प्रभाकारी हुन्छ भनी समस्याको समाधान गर्नु नै सुझाव हो । सुझावले उर्चित मार्गदर्शन गराउन सहयोग गर्दछ । यस पाठ्यपुस्तकमा धेरै नै सुझावहरू दिन सकिन्छ केही मूख्य सुझावहरू निम्नअनुसार देखाउन सकिन्छ :

१) प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुसार निर्माण गर्ने प्रयास गरिएको छ । यसमा घररिवार, समकालिन समाज, चाडपर्व उत्सव, खेलकुद, हँस्यौली चुट्किला, गाउँखाने कथाजस्ता क्षेत्रलाई चित्त बुझ्दो रूपमा प्रस्तुत गरिनु पर्दछ ।

२) पाठ्यपुस्तक बढी मात्रमा सौद्धान्तिक रहेको छ यसलाई व्यावहारिकर समय सापेक्षित बनाउनु आवश्यक रहेको छ ।

२) उक्त पाठ्यपुस्तकको बाह्य विषेशतामा रहेको आवरण पृष्ठलाई स्तरीय र गुणस्तरीय कागजको प्रयोग गरी टिकाउ बनाउँनु आवश्यक रहेको छ, जसले गर्दा यस तहको विद्यार्थीहरूले एक शैक्षिक शत्रभरि ढुक्कले अध्ययन गर्न ।

३) पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुसार बनाउन बालसाहित्य पढ्ने अभ्यास राखिनुपर्ने देखिएको छ ।

४) पाठ्यपुस्तकमा राखिएको कविताहरू लामा र जटिल भएकाले यसलाई ध्यान दिई विद्यार्थीको स्तर र रुचिअनसारका कविताहरू राख्नु उपयोगी हुने देखिन्छ ।

५) पाठपछि दिइने नम'ना अभ्यासहरू पाठसँग सन्दर्भअनुसार प्रस्तुत गरेमा पाठ्यपुस्तक अभ्र उपयोगी हुने देखिन्छ ।

६) पाठ्यपुस्तकमा बाल शब्दकोश प्रयोगसम्बन्धी उदाहरण र अभ्यास राख्नुपर्ने देखिन्छ ।

७) पाठ्यपुस्तकमा विद्यार्थीको स्तर र क्षमताअनुसार धेरै लामा र जटिल प्रकृतिका वाक्यहरू समावेश गरिएको पाइन्छ । त्यसैले पाठ्यक्रमले तोकेअनुसार सामान्य प्रकार बुभ्ने प्रकारको वाक्य राखिनु पर्दछ ।

८) पाठ्यपुस्तकमा कुनै कुनै पाठमा बढी चित्र प्रयोग भएको कुनैमा कम चित्र रहेकाले विद्यार्थीहरू अलमलमा पर्न सक्ने सम्भावना रहेकाले विषयवस्तु सुहाउँदो, आवश्यक र स्पष्ट चित्रहरूको प्रयाग गरएमा सान्दर्भिक देखिन्छ ।

९) कतिपय पाठमा चित्र सादा राखिएको छ कतै मात्र रङ्गीर चित्र र रहेकाले सबै ठाउँमा रङ्गीन र विषयअनुसार स्पष्ट चित्र रहनु पर्दछ ।

१०) वर्तमान समयमा यस किताबको मूल्यमा बरु केही वृद्धिगरी स्तरीय र गुणस्तरीय बनाउनु आवश्यक देखिन्छ ।

११) नम'ना अभ्यासअन्तर्गत सिपगत अभ्यासमा स्पष्ट निर्देशन दिनु आवश्यक देखिन्छ । जस्तै तलका शब्दलाई प्रयोग गर भनी दिएको छ । यस्ता अभ्यासले शिक्षक तथा विद्यार्थी दुवैलाई अलमलमा पार्न सक्दछ ।

१२) नमुना अभ्यासहरूमा भाषिक सिपका लागि सुनाइ, बोलाइ, पढाइ, लेखाइका बारेमा भिन्न भिन्न ठाउँमा राख्नु पर्ने देखिन्छ ।

१३) पाठ्यपुस्तकमा सहरी र सामाजिक परम्पराका विषयवस्तु मात्र देखिन्छ । यसो गर्दा समसायिक विषयवस्तुप्रतिको पनि विषयवस्तु समावेश गरिनु पर्ने देखिन्छ ।

१४) विद्यार्थीको स्तर र क्षमतानुसार कथाहरूका पनि लामा पढ्दा पढ्दै पट्यार लाग्ने प्रकारका छन् यस लाई केही छोटा र रमाइलो प्रकारको समावेश गरिनु पर्दछ ।

१५) भाषापाठ्यपुस्तकमा पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थीको स्तर, रुचि र पूर्वज्ञान आदिलाई ध्यान दिनुपर्ने हुन्छ । विषयवस्तु रखाइमा सरलबाट जटिलतर्फ क्रममिलाउनु आवश्यक देखिन्छ ।

१६) विषयवस्तु प्रस्तुत गर्दा वाक्यगठन र शब्द चयन विद्यार्थीको स्तरअनुसार राख्दा प्रभाकारी र सान्दर्भिक बन्छ ।

१७) भाषातत्त्वलाई जथाभावी समावेश नगरी पाठसँग सम्बद्ध गरी प्रस्तुत गरिएमा उपयुक्त देखिन्छ ।

१८) पाठ्यपुस्तकको बाह्य विशेषतामारहेको स्तरियतालाई बलियो, टिकाउ र दरो बनाउनका दरो प्रकारको धागो र स्टिचको प्रयोग गरी पाठ्यपुस्तक निर्माण गर्नु पर्छ ।

१९) पाठ्यपुस्तकमा देखिएका वर्णविन्यासगत र वाक्यगठनसम्बन्धी त्रुटि पहिचान गरी निराकरणमा कदम चाल्नुपर्ने देखिन्छ ।

२०) भाषातत्त्वसम्बन्धी अभ्यास विद्यार्थीको स्तरअनुसार समावेश गर्नुपर्दछ ।

२१) पाठ्यक्रमको उपेक्षित उद्देश्य हासिल गर्नका लागि पाठ्यक्रमले तेकेको विषयवस्तु, भाषातत्त्व र सिपगत अभ्यास जस्ता सबै क्षेत्रलाई पाठ्यपुस्तकमा समेटिनु आवश्यक देखिन्छ ।

२२) भाषातत्त्वका अभ्यासहरू कतै धेरै, कतै एकदमै कम र कतै समावेश नै नगरिएको

पाइन्छ । उद्देश्यअनुसार भाषातत्त्वलाई सरलबाट जटिलक्रममा राख्नुपर्ने देखिन्छ ।

## ५.२ शैक्षिक प्रयोजन

प्रस्तुत शोधपत्रले विभिन्न पक्षहरूमा जस्तै पाठ्यपुस्तक निर्माण कर्ता, समकालिन समाज, शिक्षक, विद्यार्थी, नीति निर्माणकर्तालाई पाठ्यपुस्तकमा रहेको कमिकमजोरी पत्ता लगाई समाधानको उपाया दिने प्रयास गरिएको छ । यसै क्रममा प्रस्तुत शोध पत्रको निम्नअनुसार शैक्षिक प्रयोजन भएको देखिन्छ :

१) यस पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताको अध्ययनले पाठ्यपुस्तकमा देखापरेको कमिकमजोरी पहिचान गरी निराकरण गर्न सहयोग पुऱ्याउने छ ।

२) यस अध्ययनले पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गर्न सम्बन्धित व्याक्ति वा संस्थालाई सचेत गराउने छ ।

३) पाठ्यपुस्तकमा देखापरेका बाह्य पक्ष (छपाइ, बँधाइ, अक्षर, आकार) का कमजोरी पत्ता लगाइ त्यसलाई हटाउन सहयोग पुऱ्याउने छ ।

४) यस अधययनले पाठ्यपुस्तकको आन्तरिक पक्षमा रहेको विषयवस्तुलाई व्यवहारिकबनाउन सहयोग पुऱ्याउने छ ।

५) यस अधययनले पाठ्यपुस्तकको आन्तरिक पक्षमा रहेका चित्रहरूलाई विषयवस्तुअनुसार र स्पष्ट बुझ्ने प्रकारको बनाउन सहयोग पुऱ्याउने छ ।

६ प्रस्तुत अध्ययनले पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा अध्ययन गर्न इच्छुक शोधार्थीलाई केही मात्रामा भए पनि सामग्री उपलब्ध गराउने छ ।

७) उक्त अध्ययनबाट वर्तमान समयअनुसार पाठ्यपुस्तकमा कस्तो विषयवस्तु समावेश गर्दा प्रभावकारी बन्छ भन्ने कुरा जानकार गराउँछ ।

८) प्रस्तुत अध्ययनले पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा पाठ्यपुस्तक निर्मातालाई निर्माण गर्न सहयोग गर्दछ ।

९) यसले विद्यार्थी, शिक्षक, समकालिन समाजलाई बदलिँदो परिवेशसँग परिचित हुनु सहयोग गर्दछ ।

## ५.३ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू

प्रस्तुत शोधका आधारमा कस्ता कस्ता विषय शीर्षकमा अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ भनी गरिने कार्य नै भावी अनुसन्धानका सम्भाव्य हुन । यस सन्दर्भमा कस्ता कस्ता विषयमाथि अध्ययन गर्न सकिन्छ भनी यहाँ केही शीर्षकहरू देइएको छ : जसले यस प्रकारका शीर्षकमा अध्ययन गर्दा यस शोधपत्रले विषेश प्रकारका सयोग पुऱ्याउने छ :

१) कक्षा १ देखि कक्षा ३ सम्मको  वर्तमान मेरो नेपाली किताबको आनतरिक र बाह्य विशेषताका आधारमा अध्ययन गर्न ।

२) कक्षा ५ देखि कक्षा १० सम्मको वर्तमान मेरो नेपाली पाठ्यपुस्तकको आन्तरिक र बाह्य विषेशताका आधारमा अध्ययन गर्न ।

३) कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा रहेको कथा विधाको अध्ययन गर्न ,

४) आधारभूत तह नेपाली पाठ्यपुस्तकमा रहेको कविता विधाको अध्ययन गर्न ।

५) कक्षा ४ को मेरो नेपाली किताबमा समाविष्ट साहित्यिक विधाहरूको अध्ययन ।

६) कक्षा ४ को मेरो नेपाली किताबमा भएका अभ्यासका बारेमा अध्ययन गर्न ।

७) आधारभूत तहको नेपाली भाषा पाठ्यपुस्तकमा रहेको भाषिक सिपका आधारमा अध्ययन गर्न ।